# महिलाको कानूनी अधिकार सम्बन्धी जानकारी पुस्तिका



| | | |
|---|---|---|
| अंक | : | ३० |
| संस्करण | : | प्रथम |
| प्रकाशक | : | कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)<br>मानभवन, ललितपुर |
| प्रकाशक संख्या | : | |

© कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) २०७५

| | | |
|---|---|---|
| सहयागी | : | **UNDP A2J Project** |
| डिजाइन | : | **कम्प्यूटर लग**<br>पुल्चोक, ललितपुर ।<br>फोन: ९८५११३४९७७ |

# विषयसूची


१. मानव अधिकार ........ १

२. महिला अधिकार भनेको के हो? ........ १

३. महिला अधिकार सम्बन्धी
अर्न्तराष्ट्रीय कानूनीब्यबस्था के के छन् ? ........ ५

४. महिला अधिकार सम्बन्धी नेपालमा के
कस्ता कानूनीब्यबस्था छन् ? ........ ८

५. घरेलु हिंशा (कसुर र सजाय) ऐन, २०६६ ........ ४०

६. मानव बेचबिखन तथा ओसारपसार
(नियन्त्रण) ऐन, २०६४ ........ ४६

७. लैंगिकविभेद भनेको केहो ? ........ ५३

८. न्यायिक समिति ........ ५४

## १. मानव अधिकार

### १.१ मानव अधिकार भनेको के हो?

मानव भएर जन्मिएपछि इज्जत,प्रतिष्ठापुर्वक जीवन यापन गर्न मानवलाई आवश्यक पर्ने न्यूनतम अधिकारहरूको समष्टिगत रूप नै मानव अधिकार हो । मानव अधिकार मानवका जन्मसिद्ध, नैसर्गिक र आधारभूत अधिकार हुन् ।

### १.२. मानव अधिकार अन्तर्गत के कस्ता अधिकारहरू पर्छन् ?

व्यक्तिको बाँच्न पाउने, विचार व्यक्त गर्न पाउने, लिङ्ग वा जातजाति समेतका आधारमा भेदभाव नगरिने, शिक्षा प्राप्त गर्ने, स्वास्थ्य उपचार प्राप्त गर्ने, आफ्नो आस्था अनुरूपको धर्म मान्न पाउने, यातना नदिइने, काम गर्न पाउने समेतका संविधान तथा कानूनले प्रदान गरेका मानवीय मूल्य र प्रतिष्ठासँग सम्बन्धित विभिन्न किसिमका अधिकारहरू पर्छन् ।

## २. महिला अधिकार भनेको के हो?

मानव भएको नातालेप्राप्त गर्ने सबै अधिकार लगायत महिला भएको कारणले महिलाको आवश्यकतालाई परिपूर्ती गर्न महिलालाई प्राप्त हुने अधिकार नै महिलाअधिकार हो । महिलाहरूको हक, हित, सुरक्षा, प्रदान गरिएका अधिकारको उपभोगको सहज पहूँच तथा संरक्षणका कुराहरूलाई सामान्य अर्थमा महिला अधिकार भनिन्छ । महिला अधिकार भन्नाले हरेक महिलाले समाजमा स्वतन्त्रपूर्वक जीवनयापन गर्न,वोल्न पाउने पुरूष सरह अधिकार उपभोग गर्न पाउने तथा महिला विरूद्ध हुने भेदभाव विरूद्धको कानुनी प्रावधान हो, जसले हरेक महिलाले पुरूष सरह स्वतन्त्रपूर्वक र सम्मानपूर्वक जीवनयापन गर्न पाउन आधार सृजना गर्दछ ।

## २.१ महिला अधिकार अर्न्तगत के के अधिकार पर्छ ?

महिलाअधिकारमा समानताको,गोपनियताको, नागरिकतापाउने र सन्तानलाई दिने, हिंसा विरूद्धको हक, प्राकृतिक श्रोत तथा साधानमा महिलाको पहुँच, स्थानीय निकायमा महिलाको उपस्थिति, निर्णायक क्षेत्रमा महिलाको समान संग्लनता, स्वास्थ्यविशेष गरी प्रजनन स्वास्थ्य, शिक्षा, रोजगारी जस्ता आधारभूत आवश्यकता लगायतका विशेष अधिकार पर्दछन। महिलाअधिकारले महिलालाई राज्यका हरेक निकायमा समान उपस्थितिको प्रत्याभूती गराई राज्यको हरेक निर्णायक क्षेत्रमा समावेशी सहभागी गराई महिलाको हक प्रत्याभूति गराउन प्रोत्साहनगर्दछ

## ३. महिला अधिकार सम्बन्धी अर्न्तराष्ट्रीय कानूनीब्यबस्था के के छन् ?

- ❖ वेइजिङ्ग कार्ययोजना १९९५
- ❖ मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणपत्र १९४८
- ❖ महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि(CEDAW)
- ❖ महिलाको राजनैतिक अधिकार सम्बन्धी महासन्धि, १९५२

### क) वेइजिङ्ग कार्ययोजना १९९५

चीनको वेइजिङ्गमा सन् १९९५ मा भएको चौथौं विश्व महिला सम्मेलनले वेइजिङ्ग घोषणा तथा कार्यक्रम पारित गरेको छ। महिला तथा बालबालिकाको सम्पूर्ण मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्न, महिला र बालिका विरुद्धका सवै प्रकारका भेदभाव उन्मूलन गर्न र लैङ्गिक समानता व्यवधान हटाई लैंङ्गिक समानता र महिला सशक्तीकरणको लागि १२ वटा सरोकारका

क्षेत्रहरु पहिचान गरी आवश्यक सम्पूर्ण व्यवस्थाहरु अवलम्वन गर्न वेइजिङ्ग कार्ययोजनाले जोड दिएको छ । महिला सशक्तीकरणको लागि १२ वटा सरोकारका क्षेत्रहरु निम्नानुसार रहेका छन् : १. महिला र शिक्षा २. महिला र स्वास्थ्य ३. महिला विरुद्धको हिंसा ४. महिलाको लागि संस्थागत विकास ५. महिला र सञ्चार ६. महिला र वातावरण ७. महिला र गरिबि ८. महिला र नीति, निर्माण र निर्णय ९. महिला र अर्थतन्त्र १०. महिला र शसस्त्र विद्रोह ११. महिलाको मानव अधिकार १२. बालिका

**ख) मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणपत्र १९४८**

मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणपत्र १९४८ मानव अधिकारलाई विश्वव्यापी बनाउन एवं मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनलाई उत्साहित गर्ने मौलिक स्रोतको रुपमा मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषण पत्र रहेको छ। यस घोषणापत्रले सवै मानव प्राणीहरु समान अधिकार र प्रतिष्ठान लिई जन्मेका हुन्छन् भन्ने कुरालाई मान्यता दिएको छ। यसले अविभेदको अधिकार, कानूनको अगाडि समानताको अधिकार, मातृत्वको अवस्थामा विशेष रेखदेख र सहयोग आवश्यक हुने कुरालाई जोड दिएको छ।

**(ग) महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (CEDAW)**

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि संयुक्त राष्ट्रसंघको महासभाद्धारा १८ डिसेम्बर, १९७९ मा पारित भई ३ सेप्टेम्बर, १९८१ देखि लागू भएको हो। यो महासन्धिमा महिला समानता र विकाससम्बन्धी सबै पक्षहरू समेटी संयुक्त राष्ट्रसंघको महासभाले पारित गरेको महिलाको

मानव अधिकारलाई वैधानिक मान्यता दिने एक महत्वपूर्ण अन्तर्राष्ट्रिय दस्तावेज हो। यस महासन्धिलाई नेपालले २२ अप्रिल, १९९१ मा अनुमोदन गरिसकेको छ ।

यस महासन्धिले महिला र पुरुषवीच वास्ताविक समानता प्राप्तिको लागि राज्यले अल्पकालीन विशेष व्यवस्थाहरु अपनाउनु पर्ने कुरालाई जोड दिएको छ । महासन्धिले लैङ्गिक पूर्वाग्रहयुक्त सामाजिक तथा सांस्कृतिक प्रचलन विरुद्धको अधिकार, शोषण विरुद्धको अधिकार, राजनैतिक तथा सार्वजनिक क्षेत्रमा सहभागी हुन पाउने अधिकार, शिक्षाको अधिकार, रोजगारीको अधिकार, अन्तर्राष्ट्रिय सम्मेलन तथा संगठनमा भाग लिन पाउने अधिकार, स्वास्थ्य उपचारको अधिकार, ग्रामिण महिलाको आवश्यकतासंग सम्बन्धित अधिकार प्रचलनको लागि उपर्युक्त व्यवस्था गर्न, कानूनको अगाडिको समानता, वैवाहिक तथा पारिवारिक कानूनमा समान अधिकारको व्यवस्था गरेको छ । यी सारभूत अधिकारको पूर्ण उपभोग तथा उपयोगका लागि आवश्यक कदम चाल्न पक्ष राष्ट्रलाई उत्तरदायी बनाएको छ । यसका साथै महासन्धिले सवै पक्ष राष्ट्रहरुलाई पुरुष सरह समानताको आधारमा मानव अधिकार तथा मौलिक स्वतन्त्रताको प्रयोग तथा उपभोग प्रत्याभूत गराउनको लागि महिलाको पूर्ण विकास तथा प्रवर्द्धन सुनिश्चित गर्न राज्य पक्षलाई सवै सम्बद्ध क्षेत्रमामुख्यतः राजनैतिक, सामाजिक, आर्थिक एवं सांस्कृतिक क्षेत्रमा कानूनी व्यवस्था लगायतका सम्पूर्ण व्यवस्था अपनाउने दायित्व प्रदान गरेको छ । यस वाहेक महिलाको लागि वास्तविक समानता प्रत्यभूत गर्नको लागि आवश्यक कानून तथा नीतिहरु पुनरावलोकन

गर्न, नयाँ निर्माण तथा प्रयोग गर्न दायित्व समेत राज्य पक्षलाई दिइएको छ।

### (घ) महिलाको राजनैतिक अधिकार सम्बन्धी महासन्धि, १९५२

महिलाको राजनैतिक अधिकार सम्बन्धी महासन्धिले महिलालाई पुरुष सरह निर्वाचनमा मत दिने अधिकार वा सार्वजनिक रुपमा निर्वाचित हुने निकायमा निर्वाचित हुने अधिकार, सार्वजनिक ओहदा ग्रहण गर्ने अधिकारको सुनिश्चितता गर्न राज्यलाई उत्तरदायी वनाएको छ। यो महासन्धिले राजनीतक तथा सार्वजनिक जीवनमा महिलाको सहभागिता वृद्धि गर्नको लागि सकारात्मक व्यवस्थाहरु विशेषरुपमा उल्लेख गरेको छैन यद्यपी महिलासहभागिताका बाधकहरु र भेदभावपूर्ण व्यवहारहरुको विद्यमानतालाई स्वीकारेको छ।

## ४. महिला अधिकार सम्बन्धी नेपालमा के कस्ता कानूनीब्यबस्था छन् ?

❖ नेपालको संविधान,२०७२

❖ मुलुकी देवानी संहिता २०७४ र मुलुकी अपराध संहिता २०७४

❖ घरेलु हिंशा (कसुर र सजाय) ऐन, २०६६

❖ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

### क) नेपालको संविधान, २०७२

संविधान देशको मूल कानून हो। यस संविधानमा महिलाका अधिकारका वारेमा निम्न ब्यवस्था गरेको छ :

❖ समानुपातिक समावेशी र सहभागितामूलक सिद्दान्तका आधारमा समतामुलक समाजको निर्माण गर्ने, लैंगिक

विभेद अन्त्य गर्ने।

- ❖ आमाको नामबाट नागरिकता प्राप्त गर्न सकिने लगायतका नागरिकता सम्बन्धी विषयमाथि नागरिकताको शिर्षक अन्तर्गत उलल्लेख गरे बमोजिम हुने।
- ❖ सामान्य कानुनको प्रयोगमा उत्पति, धर्म, वर्ण, जात, लिङ्ग वा अन्य कुनै आधारमा भेदभाब नगरिने
- ❖ सामाजिक वा संस्कृतिक दृष्टिले पिछडिएका महिला लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुन बमोजिम विशेष व्यवस्था गर्ने।
- ❖ महिलालाई लैंगिक भेदभावविना समान वंशीय, सुरक्षित मातृत्व र प्रज्नन स्वास्थ्यको हक हुने।
- ❖ महिला विरुद्द धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोविज्ञान वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने र त्यस्तो कार्य दण्डनीय हुने तथा पीडितले क्षतिपुर्ति पाउने।
- ❖ राज्यका सबै निकायमा महिलाको समानुपातिक समावेशी सिद्दान्तको आधारमा सहभागिता रहने।
- ❖ महिलाले शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने।
- ❖ सम्पति तथा पारिवारिक मामिलामा दम्पतिको समान हक हुने।
- ❖ सामाजिक रुपले पछाडि परेका महिला समेतले समावेशी सिद्दान्तका आधारमा राज्यको निकायमा सहभागी हुन

पाउन सामाजिक न्यायको हक हुने ।

- ❖ आर्थिक रुपले विभिन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिलासमेतले सामाजिक सुरक्षा पाउने हक हुने ।
- ❖ मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैंगिक समानता सुनिश्चित गर्ने राज्यको राजनीतिक उदेश्य हुने ।
- ❖ प्रजनन अस्वस्थ्यतामा आवश्यक सेवा सुविधाको उपभोगको सुनिचितता गर्ने ।
- ❖ आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
- ❖ राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने ।

## ४.२. मुलुकी देवानी संहिता २०७४ र मुलुकी अपराध संहिता,२०७४

यो संहिता २०७५ साल भाद्र १ गते देखि लागु भएको हो । यस संहितामा भएका विभिन्न प्रावधानहरु मध्ये हामी तल उल्लेखित विषयमा मात्र हेर्छौं ।

- ❖ विवाह
- ❖ वाल विवाह
- ❖ वहुविवाह
- ❖ सम्बन्ध बिच्छेद
- ❖ जवरजस्ती करणी

### ४.२.१ विवाह भनेको के हो ?

कुनै पुरुष र महिला बीच दाम्पत्य तथा पारिवारिक जीवन प्रारम्भ गर्नको लागि कुनै उत्सव, समारोह, औपचारिक वा अन्य

कुनै कार्यबाट एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिन्छ। यस्तो विवाह स्थायी, अनतिक्रम्य तथा स्वतन्त्र सहमतिमा आधारित एक पवित्र सामाजिक तथा कानुनी बन्धन हो। प्रत्येक व्यक्तिलाई कानुनको अधिनमा रहि विवाह गर्ने, परिवार कायम गर्ने तथा पारिवारिक जीवनयापन गर्ने स्वतन्त्रता हुनेछ।

***नोटः विवाह जुनसुकै किसिमबाट भएको भए तापनि त्यस्तो विवाह सार्वजनिक गर्नु वा गराउनु पर्नेछ।***

### ४.२.२.के कस्तो अवस्थामा महिला र पुरुषबीच विवाह हुन सक्छ ?

(क) पुरुष र महिलाले एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गर्न मञ्जुर गरेमा,

(ख) कानुन बमोजिम पुरुष र महिला हाडनाता करणीमा सजायँ हुने नाताको नभएमा,

(ग) पुरुष र महिला दुवैको वैवाहिक सम्बन्ध कायम रहेको अवस्था नरहेमा,

(घ) बीस वर्ष उमेर पूरा भएमा। विवाह भएपछि आपसी प्रेम सद्भाव भएको, पारिवारिक जीवन स्थापना गरेको र आपसी सहयोग संरक्षण र सम्मान हुनुपर्छ,

### ४.२.३. विवाह दर्ता सम्बन्धि व्यवस्था

पति तथा पत्नीले आफ्नो स्थानिय वडा कार्यालयमा रहेका पंजिकाधिकारी कहाँ निवेदन दिई विवाह दर्ता गराउनु पर्नेछ। पति र पत्नी दुवैले वा कुनै एक जनाले पनि विवाह दर्ता गराउन निवेदन दिन सक्नेछ। यदि नेपाल बाहिर बसोबास गरेका पति

तथा पत्नी छन् भने आफू रहे बसेको मुलुकमा रहेको नेपालको राजदूतावास वा महावाणिज्य दूतावासमा विवाह दर्ताको लागि निवेदन दिन सक्ने छन्

**दर्ता विवाह (कोर्ट म्यारिज)** दर्ता गरेर विवाह गर्दा जिल्ला अदालतबाट गराउनु पर्छ ।

### ४.२.४.विवाहको परिणाम

- ❖ वैवाहिक सम्बन्ध कायम रहेका दम्पति एक अर्काको पति र पत्नीको रुपमा रहेको मानिने, पति र पत्नीले एक अर्कोलाई सहयोग, संरक्षण र सम्मान गर्नु पर्ने,
- ❖ पति वा पत्नी वा परिवारका सदस्यले एक अर्कालाई निजको सीप, योग्यता वा क्षमता अनुसारको पेशा, व्यवसाय वा काम गर्न रोक्न नहुने,
- ❖ आपसी समझदारीबाट छुट्टै वासस्थान निर्धारण गरेकोमा बाहेक पत्नीको वासस्थान पतिको घरमा कायम हुने,
- ❖ सामान्य घर व्यवहारको काममा पति वा पत्नी एक अर्काको प्रतिनिधि मानिने ।

### ४.२.५.कस्तो विवाह स्वतः वदर हुन्छ ?

(क) पुरुष वा महिलाको मञ्जुरी नभई भएको विवाह,

(ख) हाडनाता करणीमा सजायँहुने नाताका व्यक्तिहरू बीच भएको विवाह ।

**तर**

- ❖ आफ्नो जातिय समुदाय वा कुलमा चलिआएको चलन अनुसार विवाह गर्न हुने नाता सम्बन्धमा विवाह गर्नहुन्छ ।

### ४.२.६.कस्तोविवाह वदर गराउन सकिन्छ?

(क) विवाह गर्नेउमेर पूरा नभएमा,

(ख) झुक्याई विवाह गरे वा गराएमा,

तर, विवाहको परिणाम स्वरूप कुन महिला गर्भवती भएमा वा निजबाट शिशु जन्मिएमा निजको मञ्जुरी भएमा मात्र विवाह बदर हुन सक्नेछ ।

## ४.२.७.के कस्तो अवस्थामा वैवाहिक सम्बन्धको अन्त्य भएको मानिने छ ?

वैवाहिक सम्बन्धको अन्त्य भएको मानिने अवस्था

- ❖ विवाह स्वतः बदर भएकोमा
- ❖ विवाह बदर गराएमा,
- ❖ कानून बमोजिम पति पत्नीबीच सम्बन्ध विच्छेद भएकोमा,
- ❖ पतिले कानून बमोजिम सम्बन्ध विच्छेद नहुँदै अर्को विवाह गरेमा ।

## ४.२.८.के कस्तो अवस्थामा पुनः विवाह गर्न पाइन्छ?

पुनः विवाह गर्न पाउने अवस्था

- ❖ पति र पत्नी विचको वैवाहिक सम्बन्ध अन्त्य भएकोमा,
- ❖ पति वा पत्नीको मृत्यु भएकोमा,
- ❖ पति पत्नीले कानून बमोजिम अंशवण्डा गरी भिन्न भएमा ।

## ४.२.९.विवाह पछि महिलाले कुन थर प्रयोग गर्नुपर्दछ ?

महिलाले विवाहपछि बाबु वा आमाले प्रयोग गरेको थर वा निजको पतिको थर वा दुवै थर प्रयोग गर्न सक्ने छिन्। यदि विवाहिता महिलाकोथरको सम्बन्धमा कुनै प्रश्न उठेमा अन्यथा प्रमाणित भएकोमा बाहेक निजले आफ्नो पतिको थर प्रयोग गरेको मानिने छ । पतिको थर प्रयोग गरेकी महिलाको सम्बन्ध विच्छेद भएमा निजले चाहेमा निजको बाबु वा आमाले प्रयोग

गरेको थर प्रयोग गर्न सक्ने छिन् ।

### ४.२.१०विवाह गर्नेव्यक्तिहरुको मन्जुरी विना विवाह गराएमा के हुन्छ ?

विवाह गर्ने व्यक्तिहरुको मन्जुरी विना कसैले कसैको विवाह गर्न गराउन हुँदैन । विवाह गर्ने उमेर पूरा नभएको व्यक्तिले दिएकोमन्जुरीलाई मन्जुरी मानिने छैन । यसरी मन्जुरी विना गराईएको विवाह बदर हुन्छ ।

### ४.२.११झुक्याई गरिने विवाह भनेको के हो ?

विवाह गर्दाकेटा र केटी बीच जे-जस्तोअवस्था छ त्यसकोबारेमा एक पक्षलेअर्कोपक्षलाई जानकारी दिएर मात्र विवाह गर्नुपर्दछ । त्यसरी जानकारी नदिई लुकाई विवाह गरिदिन्छन् भनेत्यसलाई झुक्याई गरिने विवाह भनिन्छ । साथै विवाह गर्दाकेटा र केटीबीच सहमति भईमन्जुरीले विवाह गरिनु पर्दछ ।

### ४.२.११.१झुक्याई विवाह गराएमा के हुन्छ ?

झुक्याई विवाह गरेको कारणबाट मर्का पर्ने व्यक्तिले त्यस्तो विवाह बदर गराउन र झुक्याई विवाह गर्ने वा गराउनेबाट मनासिव क्षतिपूर्ति दाबी गर्न सक्नेछ ।

### ४.२.११.२कस्तो अवस्थाको व्यक्तिसंग झुक्याई विवाह गरेमा विवाह बदर गराउन सकिन्छ ?

(क) शरीरमा मानव रोग प्रतिरोधक क्षमता नष्ट गर्नेजीवाणु (एच.आई.भी) वा हेपाटाइटिस बी रहेकोवा यस्तैप्रकृतिका निकोनहुनेकडा रोग लागेको,

(ख) यौनाङ्ग नभएको, नपुङ्सक भएकोवा सन्तान उत्पादन गर्नेक्षमता नभएको प्रमाणित भैसकेको,

(ग) पूर्णरूपमा बोल्न वा सुन्न नसक्ने, पूर्णरूपमा दृष्टिविहीन वा कुष्ठ रोगी भएको,

(घ) होश ठेगानमा नरहेको,

(ङ) विवाह भैसकेको,

(च) गर्भवती भएको,

(छ) नैतिक पतन देखिनेफौजदारी अभियोगमा कसुरदार ठहरी अदालतबाट सजायँपाएको ।

### ४.२.१२ झुक्याई गरिएको विवाह बदरको लागि कहाँ उजुरी गर्न जानु पर्छ ?

झुक्याईगरिएकोविवाह बदरकोलागि जिल्ला अदालतमा फिराद दिनुपर्दछ ।

### ४.२.१३ झुक्याई गरिएको विवाह बदरमा कति समय भित्र उजुरी गर्नजानु पर्छ ?

झुक्याईगरिएकोविवाह बदरकोलागि विवाह गरेकोमितिले३ महिनाभित्र उजुर गर्नुपर्छ।

### ४.२.१३ झुक्याई गरिएको विवाहमा कति सजाय हुन्छ ?

मन्जुरी विना विवाहको कसुर गर्ने गराउने व्यक्तिलाई दुई बर्ष सम्म कैद र बीस हजार रुपैया सम्म जरिवाना हुनेछ ।

### ४.३.१बाल विवाह भनेको के हो ?

कानुनले् विवाह गर्न मिल्ने भनेर तोकेको उमेर भन्दा कम उमेरमा गरिने विवाह बाल विवाह हो। कानुनले तोकेको उमेर अर्थात् २० वर्षपूरा गरे पछि मात्र विवाह गर्नु पर्दछ । २० बर्ष भन्दा कम उमेरका केटा र केटीलाई विवाह गरिदिएमा त्यसलाई बालविवाह मानिन्छ । यसलाई कानुनले अपराध मानेको छ । कानुनले केटा र केटीको संरक्षकको मन्जुरी भए पनि नभए पनि

२० बर्षपूरा हुनुपर्छ। कानुनलेतोकेकोउमेर नपुगेसम्म विवाह गर्नगराउन हुँदैन।

### ४.३.२ वाल विवाहको लागि कहाँ उजुरी गर्नजानु पर्छ ?

बालविवाहकोउजुरी प्रहरी कार्यालयमा दिनुपर्छ।

### ४.३.३. वाल विवाहमा सजाय कति हुन्छ?

बालविवाह गर्नेगराउने कसुर गर्नेव्यक्तिलाईतीन बर्षसम्म कैद र तीस हजार रुपैयासम्मँ जरिवाना हुन्छ।

### ४.३.४. वाल विवाहमा कति समय भित्र उजुरी गर्न जानु पर्छ ?

बालविवाहमा थाहा पाएकोमितिलेतीन महिनाभित्र उजुरी गर्नुपर्दछ

### ४.३.५.योपनि थाहा पाईराखौ

विवाहकोपरिणाम स्वरूप कुनैमहिला गर्भवती भएमा वा निजबाट शिशुजन्मिएमा निजकोमञ्जुरी भएमा मात्र विवाह बदर हुन सक्नेछ।२० बर्षनपुगी केटा र केटीलेविवाह गरेकोरहेछ र सन्तान जन्मेकोरहेछ भने त्यस्तोसन्तानलेबाबुआमावाट अंश पाउनेछन्।

### ४.४.१.बहुविवाह भनेको के हो?

विवाहित पुरुषलेवैवाहिक सम्बन्ध कायम रहेकोअवस्थामा अर्कोविवाह गर्नहुँदैन। विवाहित पुरुषलेश्रीमति हुँदा-हुँदैअर्कीश्रीमति ल्याएमा वा राखेमा यसलाईबहुविवाह भनिन्छ। कुनैपुरुष विवाहित होभनी जानीजानी त्यस्तोपुरुषसंग कुनैमहिलालेविवाह गर्न हुँदैन।

### ४.४.२.बहुविवाह गरेमा के-कति सजायँहुन्छ ?

बहुविवाह गर्नेवा गराउनेव्यक्तिलाईएक बर्षदेखि पाँच बर्षसम्म कैद र दश हजार रुपैयादेखिपचासहजार रुपैयाँसम्म जरिवाना हुनेछ। तर योऐन लागूहुनुअघि तत्काल प्रचलित कानुन बमोजिम

भएकोविवाहकोहकमा कनैकुरालेअसर गरेकोमानिनेछैन ।

**४.४.३.कुन अवस्थामा कानुनी रुपलेपून: विवाह गर्नसक्दछः?**

क) पति-पत्नी बीच सम्बन्ध विच्छेद गरि वैवाहिक सम्बन्ध अन्त्य भएमा,

ख) पति वा पत्नीकोमृत्युभएमा,

ग) पति वा पत्नीलेकानुन बमोजिम अंशबण्डा गरी भिन्न भएमा ।

**४.४.४श्रीमतीले अर्को विवाह गरी पहिलो श्रीमानको धनमाल लिएर गएमा के हुन्छ?**

कसैले अर्काको श्रीमतीलाई विवाह गरी निजको धनमाल समेत लगेकोमा वा कुनै महिलाले अर्कोविवाह गरेर जाँदा आफुले लगाएकोवा प्रयोग गर्ने गरेकोलत्ता कपडा वा आफ्नो दाइजो, पेवा वा निजी आर्जन बाहेक पहिलो लोग्नेको धनमाल समेत लगेमा त्यसरी लग्न नपाउने धनमालको हकमा निजको पहिलो लोग्ने र निज मरेमा वा विदेश गएकोमा निजको हकदारले फिर्ता लिन पाउँछन ।

**४.४.५.बहुविवाहको अपराधमा कसले उजुरी गर्नसक्छन?**

यस्तो अपराधमा पीडित श्रीमती आफैंले, छरछिमेकी आफन्त जो-सुकैलेपनिउजुरी दिन सक्दछन्। यस्तोउजुरीलाईजाहेरी दरखास्त भनिन्छ ।

**४.४.६.बहुविवाहको अपराधमा कहाँ उजुरी दिनुपर्दछ ?**

बहुविवाहकोउजुरी आफु बसोबास गरेकोठाउँनजिकैकोप्रहरी चौकीमा दिनुपर्दछ ।

**४.४.७.बहुविवाहको अपराधमा कहिलेसम्ममा उजुरी गर्न सकिन्छ?**

बहुविवाहकोअपराधमा भए गरेकोकुरा थाहा पाएकोमितिलेतीन

महिना सम्ममा उजुरी गर्नुपर्नेहुन्छ। उक्त हदम्याद नाघेपछि उजुर लाग्नेछैन।

### ४.४.८.के बहुविवाह बदर गर्न सकिन्छ?

बहुविवाह स्वतः बदर हुनेछ।

### ४.४.९.के दोस्री श्रीमतीलेअंश पाउन सक्छिन्?

दोस्रोश्रीमतीलेश्रीमानको् सम्पत्तिबाट अंश पाउन सक्दिनन्।

### ४.४.१०.बहुविवाहपछि केपरिणाम हुनसक्दछ?

१) बहुविवाह गर्नेलाईसजायँगराउन सक्छिन्।

२) पतिसँग सम्बन्ध विच्छेद गर्नसक्छिन्।

३) पतिबाट अंश लिईभिन्न बस्न सक्छिन्।

४) दोस्रोविवाह बदर गराउन सक्नेछिन।

### ४.४.११.बहुविवाहको परिणाम स्वरुप बच्चा जन्मिएमा परिणाम केहुनसक्दछ ?

बहुविवाह स्वत वदर भए पनि त्यस्तो विवाहबाट जन्मिएको शिशुको कानुन बमोजिमको हकमा कुनै असर पर्नेछैन। उसले आमाबाबुबाट अंश प्राप्त गर्नेछ भनेजन्म दर्तातथा नागरिकताको हक समेत सुरक्षित हुनेछ।

### ४.४.१२.योपनि थाहा पाइराख्नुस्

➢ पत्नीलेछोरी छोरी मात्रैजन्माएकोअवस्थामा पुरुषले छोरा पाउन बहुविवाह गर्ने गरेका उदाहरण पनि छन्। तर छोरी छोरी जन्माउनेकुरा महिलामा नभएर पुरुषमा निर्भर गर्नेकुरा हो। यसमा महिलाकोकुनैभूमिका हुँदैन तथा छोरी पाएकोभनेर दोश्रो विवाह गर्नपाईदैन।

- सन्तान नभएकोनिहुँमा पनि पुरुषहरुलेपनि बहुविवाह गर्नेगरेकोपाइन्छ। तर सन्तान नहुनाकोकारण पुरुष वा महिला कसैमा पनि रहेकोत्रुटि हुन सक्दछ। यसको राम्रोजाँच गराएर उपचार गर्नसकिन्छ। तर सन्तान भएन भनेर दोश्रोविवाह गर्न पाइदैन।
- पत्नीमा रहेका प्रजननस्वास्थ्य समस्याका कारण यौन असन्तुष्टिवश पुरुषलेबहुविवाह गरेका पनि पाइन्छन्। राम्ररी जँचाएर र सल्लाह अनुसारकोउपचार गराएमा यौन सम्बन्धी यस्ता समस्याहरु सुल्झिन सक्छन्।

### ४.५.१ सम्बन्ध बिच्छेद भनेको के हो ?

सम्बन्ध विच्छेद भनेको पति-पत्नी बीचको वैवाहिक सम्बन्धलाई कानुन बमोजिम विच्छेद गरिनु हो। यसलाई बोलचालको भाषामा छोडपत्र वा पारपाचुकेपनि भनिन्छ। पति-पत्नी दुवैलेचाहेमा जहिले सुकै पनि सम्बन्ध विच्छेद गर्नसक्नेछन्।

### ४.५.२ महिलाले कुन कुन अवस्थाहरुमा सम्बन्ध बिच्छेद गर्न पाउछिन ?

- क) कानून बमोजिम अंश लिई वा मानो छुट्टिई पति-पत्नी भिन्न बसेको अवस्थामा बाहेक पतिले पत्नीको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,
- ख) पतिले पत्नीलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,
- ग) पतिले पत्नीको अङ्ग-भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल-प्रपञ्च गरेमा,

- घ) पतिले अर्को विवाह गरेमा,
- ङ) पतिले अन्य महिलासँग यौन सम्बन्ध राखेको ठहरेमा,
- च) पतिले पत्नीलाई जबर्जस्ती करणी गरेको ठहरेमा ।

### ४.५.३ पुरुषले कुन कुन अवस्थाहरुमा सम्बन्ध बिच्छेद गर्न पाउछन?

- क) कानून बमोजिम अंश लिई वा मानो छुट्टिई पति-पत्नी भिन्न बसेको अवस्थामा बाहेक पत्नीले पतिको मञ्जुरी
- नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,
- ख) पत्नीले पतिलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,
- ग) पत्नीले पतिको अङ्ग-भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल-प्रपञ्च गरेमा,
- घ) पत्नीले अन्य पुरुषसँग यौन सम्बन्ध राखेको ठहरेमा

### ४.५.४ सम्बन्ध बिच्छेदपछि महिलाले प्राप्त गर्ने कानुनी अधिकारहरु के के हुन ? :

- पति-पत्नीबीच पतिको कारणबाट सम्बन्ध बिच्छेद हुने भएमा पत्नीले माग गरेमा अंशवण्डा गरेर मात्रै सम्बन्ध बिच्छेद गर्न सकिन्छ ।
- सम्बन्ध बिच्छेद गर्ने पत्नीले पतिसँग अंश नलिई एकमुष्ठ रकम वार्षिक वा मासिक रुपमा खर्च भराई लिन चाहेमा अदालतले पतिको सम्पत्ति वा आम्दानीको आधारमा

एकमुष्ठ वा वार्षिक वा मासिक खर्च अदालतले भराई दिन सक्दछ ।

- ❖ सम्बन्ध बिच्छेद गर्दा अंश पाउनुपर्ने पत्नीले पतिको सम्पति नभएको कारणले अंश नपाएमा पत्नीले त्यस्तो पतिबाट खानलाउन खर्च भराउन चाहेमा र पतिको आम्दानी भएमा अदालतले त्यस्ती पत्नीलाई सम्बन्ध बिच्छेद भएको पतिको आम्दानीको आधारमा खानलाउने खर्च भराई दिन सक्नेछ ।

### ४.५.५.सम्बन्ध बिच्छेद गर्दा महिलाले अंश तथा खर्च भराउन कुनअवस्थामा पाउदिनन ?

- ❖ पत्नीले पतिलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,
- ❖ पत्नीले पतिको अङ्ग-भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल-प्रपञ्च गरेमा,
- ❖ पत्नीले अन्य पुरुषसँग यौन सम्बन्ध राखेको ठहरेमा ।

### ४.५.६.सम्बन्ध बिच्छेदपछि छोराछोरीको अवस्था के हुन्छ ?

१. ५ बर्ष उमेर पूरा नभएको सन्तान भएचाहेमा आमाले राख्न सक्छिन्।

२. ५ बर्षभन्दा माथिको सन्तान भए आमाले अर्को विवाह गरेकोमा बाहेक आफूसँग राख्न चाहेमा आमाले राख्न सक्छिन्।

३. अन्य अवस्थामा बाबुको जिम्मामा रहनेछ ।

४. आमा-बाबु दुवैको सहमति भएमा सहमति बमोजिम गर्न पनि सक्नेछन्।

५. १० बर्ष उमेर पूरा भएका नाबालकको सम्बन्धमा निर्णय लिंदा सम्बन्धित नाबालकको समेत राय लिन सकिन्छ ।

६. नाबालक जिम्मा लिने आमा वा बाबुको मृत्यु भएमा जिवित आमा वा बावुले अविलम्व नावालक आफ्नो जिम्मामा लिनु पर्नेछ । तर अर्को विवाह गरिसकेकोमा पाँच बर्ष पूरा भएको नाबालक जिम्मा लिन कर लाग्ने छैन ।

७. भिन्न भएकापति-पत्नी नाबालकको पालन-पोषण शिक्षातथा उपचारको व्यवस्था सहमति भए सहमति बमोजिम सहमति नभएमा

   क. ५ बर्ष पूरा नभएको नाबालक भए आमाको जिम्मा,

   ख. ५ बर्ष माथि १० बर्ष पूरा नभएको भए बाबुको जिम्मा, १० बर्ष पूरा गरेको नाबालक भए निजले जोसँग मन्जुर गरेको छ निजको जिम्मा ।

८. तर नाबालकको जिम्मा लिने आमा वा बाबुभन्दा नलिनेको आम्दानी बढी भए सहमति भए सहमति बमोजिम वा नभए अदालतले तोके बमोजिम खर्च नाबालकलाई उपलब्ध गराउनु पर्नेछ ।

### ४.५.७. यदि सम्बन्ध बिच्छेदपछि बच्चा जन्मेमा उक्त वच्चाको स्थिती के हुन्छ ?

यदि सम्बन्ध बिच्छेद भएको २७२ दिनभित्र बच्चा जन्मेमा अन्यथा प्रमाणित नभएसम्म सो बच्चा सम्बन्ध बिच्छेद भएकै श्रीमान्‌को मानिन्छ ।

### ४.५.८ सम्बन्ध बिच्छेदको उजुर गर्न कुन निकायमा जानु पर्छ ?

सम्बन्ध बिच्छेदको लागि पति वा पत्नीले जिल्ला अदालतमा निवेदन दिनु पर्नेछ ।

### ४.५.९.सम्बन्ध बिच्छेदको निबेदन अदालतमा परे पछि कति समयमा सम्बन्ध बिच्छेद हुन्छ ?

- अदालतमा निवेदन परेपछि अदालतले दुवैपक्षलाई भरसक सम्झाई बुझाई मेलमिलाप गराउनु पर्नेछ
- मेलमिलाप गराउन नसकेमा र विवाह कायम राख्नुभन्दा सम्बन्ध विच्छेद हुन उपयुक्त देखेमा अदालतले एक वर्षपछि निजहरूको सम्बन्ध विच्छेद गरिदिनु पर्नेछ ।
- तर सम्बन्ध विच्छेदका लागि दुवैपक्षको मंजुरी भएमा यसलाई छिटो र छरितो बनाउन व्यवहारमा पहिला पति वा पत्नी मध्ये एकजनाले सम्बन्धित जिल्ला अदालतमा निवेदन दिने र दोस्रो पक्षको तर्फबाट तुरुन्त म्याद बुझी प्रतिउत्तर दिई दुवै पक्षको उपस्थितिमा दुवै पक्षको मंजुरीबाट केही दिन मै सम्बन्ध विच्छेद गर्ने गरिन्छ ।

### ४.६.१.सम्पत्ति भनेको के हो?

उपभोग गर्न खरिद, बिक्री वा अन्य तवरले हक हस्तान्तरण वा कारोवार गर्न वा कुनै लाभ प्राप्त गर्न सकिने कुनै नगद वस्तु वा कार्यलाई सम्पत्ति भनिन्छ ।

### ४.६.२.सम्पत्ति कति प्रकारका हुन्छन्?

#### क) चल सम्पत्ति

सजिलै एक ठाउँबाट अर्को ठाउँमा लान, चलन चलाउन, लेनदेन गर्न सकिने सम्पत्ति लाई चल सम्पत्ति भनिन्छ । जस्तै: नगद वा नगदसरह कारोवार हुनेवस्तुवा विदेशी मुद्रा, सुन चाँदी,

जवाहरत, रत्न, गर गहना, ऋणपत्र, धितोपत्र, विनिमयपत्र, प्रतितपत्र त्यसबाट प्राप्त हुनेलाभ, बौद्धिक सम्पत्ति, व्यापारिक ख्याति वा फ्रन्चाईज आदि ।

**ख) अचल सम्पत्ति**

भौतिक स्वरुप परिवर्तन नगरी जस्ताको तस्तै एक ठाउँबाट अर्कोठाउँमा लान नसकिने, लिनुदिनु वा स्वामित्व हस्तान्तरण गर्नुपरेमा कानुनी प्रावधान पूरा गर्नुपर्ने सम्पत्तिलाई अचल सम्पत्ति भनिन्छ। जस्तै जग्गा, जमिन, जमिनसंग जोडिएको संरचना, खानी, ढुंगा खनिज, पानी नदी ताल-तलैया, रुख विरुवा, फलफुलका बोट आदि ।

## ४.६.२.महिलालाई कहिले देखि सम्पत्तिमा अधिकार प्राप्त हुन्छ ?

महिलालाई जन्मैदेखि पैतृक सम्पत्तिमा अंश हक अधिकार प्राप्त हुन्छ र विवाहको आधारमा महिलालाई सम्पत्तिमा विभेद गर्न पाईदैन । महिलाको विवाह हुने बित्तिकै देखि निजको श्रीमान्बाट पनि अशंहक प्राप्त हुन्छ ।

## ४.६.३.महिलाको अंश हक सम्बन्धिकानूनमा कस्तो ब्यवस्था छ ?

महिलाले अंश निम्न अवस्थामा प्राप्त गर्न सक्छिन् ।

१. छोरीको अवस्था,

२. विवाहिता श्रीमतीको अवस्था,

३. एकल (श्रीमान्को मृत्यु पश्चात्) महिलाको अवस्था र

४. सम्बन्ध बिच्छेद गर्दाको अवस्था

**क) छोरीको अवस्था**

पैतृक सम्पत्तिमा छोरीको जन्मसिद्ध अधिकार हुन्छ। जुन

जन्मनासाथ प्राप्त हुन्छ। विवाहकोआधारमाछोरीलाईअंशहकबाट बञ्चित गर्नमिल्दैन। विवाहित छोरीलेअंशमाग्दा छोरीकोविवाह भएकोदिनलाईमानोछुटि्एकोमिति मानिन्छ। छोरीलेअंशवापत पाएकोचल, अचल सबैसम्पत्ति भोगचलन, बेचविखन आफु खुश गर्नसक्दछिन्, कोही कसैकोमन्जुरी लिईराख्नुपर्दैन।

**ख) विवाहिताश्रीमती (सधवा) अवस्था :**

विवाह पश्चात्महिलालाईपतिकोसम्पत्तिमाथि अंश अधिकार प्राप्त हुन्छ। पतिले पत्नीलाईघरबाट निकाला गरिदिएमा वा शारिरीक वा मानसिक यातना दिएमा जुनसुकै बेला पत्नीलेअंश लिई भिन्न बस्न सक्छिन्। त्यसरी अंश वापत प्राप्त गरेकोचल अचल सम्पत्ति भोग-चलन, बेचविखन गर्नकोही कसैकोमन्जुरी लिईराख्न पर्दैन, आफु खुश गर्नसक्दछिन।

**ग) एकल (पतिको मृत्युपश्चात्) महिलाकोअवस्था :**

श्रीमान्कोमृत्युपश्चात्महिलालेचाहेमा जहिलेसुकैपनि आफ्नोअंश लिईभिन्न बस्न सक्छिन्। त्यस्तोअंश वापत प्राप्त गरेकोसम्पत्ति महिलालेजुनसुकैप्रकृयालेभोग चलन गर्न, बेचविखन गर्न, दान-दातव्य गरी दिन कोही कसैकोमन्जुरी लिईराख्नुपर्दैन, आफ्नोखुस गर्नसक्छिन्। तर निजलेअर्कोविवाह गरेमा यसरी अंश वापत पाएको सम्पत्ति अघिल्लोपति तर्फछोराछोरी भए छोराछोरीलेर नभए आफैंलेलिएर जान पाउनेछिन्।

**घ) सम्बन्ध विच्छेदी महिलाकोअवस्था :**

पतिकोकारणबाट सम्बन्ध विच्छेद हुनेभएमा पत्नीलेअंश लिएर सम्बन्ध विच्छेद गर्न सक्छिन्। यसरी अंश वापत प्राप्त सम्पत्ति महिलालेअर्कोविवाह गरेमा आफूसँगैलान पाउँछिन्, पहिलोश्रीमान्लाईफर्काउनुपर्दैन। यस्तोचल, अचल सबैसम्पत्ति

महिलाले आफूखुशी गर्नपाउँछिन्। तर त्यस्ती महिलालेअर्कोविवाह नगरेमा वा अर्कोविवाह गरेकोभए पनि कुनैसन्तान नभएमा निजकोशेषपछि निजलेपाएकोत्यस्तोसम्पत्ति बाँकी रहेमा अघिल्लोश्रीमान्पट्टिका सन्तान भए त्यस्ता सन्तानलेर त्यस्ता सन्तान नभए अघिल्लोश्रीमान्लेर अन्य सम्पत्ति माईतीपट्टीका हकवालालेपाउनेछन्।

## ४.६.४. महिलाको एकलौटी हक लाग्ने निजी सम्पत्तिहरु के के हुन ?

➢ कुनै व्यक्तिले आफूले आर्जन गरी आफ्नो नाममा रहेका र त्यसबाट बढे-बढाएका निम्न प्रकारका सम्पत्तिलाई निजी सम्पत्ति भनिन्छ। निजी सम्पत्तिमा महिलाको एकलौटी हक हुन्छ र आफूखुशी गर्न पाउँछन।

क. आफ्नो ज्ञान शीप वा प्रयासबाट आर्जन गरेको सम्पत्ति

ख. दान, बकस वा अपुताली स्वरुप प्राप्त गरेको,

ग. चिठ्ठा उपहार स्वरुप प्राप्त गरेको,

घ. पारिश्रमिक, उपदान, निवृत्तिभरण, उपचार खर्च, सञ्चयकोष, बीमा वा अन्य सामाजिक सुरक्षा बापत प्राप्त गरेको रकम,

ङ. बौद्धिक सम्पत्ति वा रोयल्टी स्वरुप प्राप्त गरेको रकम,

च. मानो छुट्टिई पाएको वा आफ्नो खति-उपति गरी कमाएको,

छ. महिलाले विवाहपूर्व कमाएको वा विवाहको समयमा

प्राप्त गरेको सम्पत्तिवाट बढे बढाएको,

ज. महिलालाई पति वा पतितर्फका सबै अंशियारहरुको मन्जुरीले एकलौटी हुने गरी लिखत गरिदिएको, वा दिएको चल-अचल सम्पत्ति र सोबाट बढे-बढाएको,

झ. कानून बमोजिम कुनै व्यक्तिको निजी सम्पत्ति भनी उल्लेख गरेको।

### ४.६.५.महिलाले अंश हक प्राप्त गर्ने सम्पत्तिहरु के के हुन ?

निम्न बमोजिमको सगोलको सम्पत्तिबाट महिलालाई अंश हक प्राप्त हुन्छ।

क. पुर्ख्यौलीबाट प्राप्त सम्पत्तिवाट

ख. निजी बाहेकको अंशियारका नाममा रहेको अन्य सम्पत्तिवाट

ग. अंशियारले संगोलको खेती, उद्योग, व्यापार, व्यवसायबाट आर्जन गरेको वा सोबाट बढे-बढाएको सम्पत्तिवाट

### ४.६.५.१.कस्तो सम्पत्तिलाई सगोलको सम्पत्ति मानिन्छ ?

- पुर्ख्यौली सम्पत्तिबाटकमाएको सम्पत्ति र सोबाट बढे-बढाएको सम्पत्ति अंशियारहरु मध्ये जो-सुकैको नाममा रहेपनि सगोलको सम्पत्ति मानिन्छ।
- कानून बमोजिम भिन्न भएकोमा बाहेक पति वा पत्नीले कमाएको वा त्यसबाट बढे-बढाएको सम्पत्ति पनि पति-पत्नीको सगोलको सम्पत्तिहुन्छ र

➢ बाबुआमाले आर्जन गरेको सम्पत्ति समेत छोराछोरीको लागि सगोलको सम्पत्ति मानिन्छ ।

### ४.६.५.२.अंशबण्डा गर्दाका बखत महिला अंशियार गर्भवती भएमा के हुन्छ ?

अंशबण्डा गर्दाका बखत कुनै महिला अंशियार गर्भवती भएमा र निजले जन्माउने शिशु अंशियार हुने भएमा त्यसरी जन्मने शिशुलाई समेत समान अंशियार मानी निजको अंश भाग छुट्याएर मात्र अंशबण्डा गर्नु पर्नेछ । तर, गर्भवती महिलाबाट जिउँदो शिशु नजन्मिएमा त्यस्ता शिशुको लागि छुट्याइएको अंश अन्य अंशियारले बराबरी पाउनेछन्।

### ४.६.६. अंशवण्डा सम्बन्धी अन्य व्यवस्थाहरु के के छन ?

❖ कानून बमोजिम विवाह हुन नसक्ने, विवाह भएको,नमानिने वा वैवाहिक सम्बन्ध अन्त्य भएका दम्पतिबाटजन्मिएका छोराछोरीले त्यस्ता बाबु आमाबाट अंश पाउनेछन्।

❖ बाबुको पहिचान नभएका छोराछोरीले आमाको सम्पत्तिबाट मात्र अंश पाउनेछन्।

❖ प्रकाश नगरी बाहिर राखेका पत्नीले वा निजबाट जन्मेका छोराछोरीले पति वा बाबु मरेपछि अंशमा दाबी गर्न पाउने छैन ।

❖ कुनै व्यक्तिले पत्नी, छोराछोरीसँग अंशबण्डा गरी भिन्न भएपछि अर्को विवाह गरेमा वा त्यसरी विवाह गरेकी पत्नीबाट छोराछोरी जन्मिएमा त्यस्ता पत्नी वा छोरा, छोरीले पति वा बाबुको अंश भागबाट मात्र अंश पाउनेछन् ।

❖ सगोलमा बसेका दाजुभाइका छोराछोरी वा पत्नीलेआफ्ना बाबु वा पतिको भागबाट मात्र अंश पाउनेछन्।

- ❖ अंश नहुँदै पति वा बाबु-आमा मरेमा निजले पाउने अंशनिजका पत्नी वा छोरा, छोरीले पाउनेछन्।
- ❖ कुनै व्यक्तिको एकभन्दा बढी पत्नीहरू भएमा निजहरूले पतिको भागबाट मात्र अंश पाउनेछन् ।

### ४.७. यौन दुर्व्यहार सम्बन्धि कसूर

### ४.७.१ यौन दुर्व्यहार सम्बन्धि कसूर कस्तोलाई भनिन्छ ?

- आफ्नोपति पत्नी बाहेक अन्य व्यक्तिलाईनिजकोमन्जूरीबिना करणीकोआशयलेसमातेमा वा निजकोसंवेदनशिल अंग छोएमा वा छुन प्रयास गरेमा,
- निजकोभित्री पोशाक खोलेमा वा खोल्नेप्रयास गरेमा निजलेलगाउनेभित्री पोशाक लगाउन वा फुकाल्न कुनैकिसीमलेबाधा गरेमा,
- निजलाईअस्वभाभिक रुपमा कुनैएकान्त ठाउमा लगेमा,
- यौन सम्बन्धि आफ्नोअंग छुन समाउन लगाएमा, निजसंग अश्लिल वा अन्य त्यस्तै प्रकारकोशब्द मौखिक लिखित वा सांकेतिक रुपमा वा विद्युतिय माध्यमबाट प्रयोग गरेमा,
- अश्लिल चित्र वा तस्विर देखाएमा, यौनका आशयलेजिस्क्याएमा वा हैरानी दिएमा वा निजसंग अस्वभाविक अवान्छित वा अर्मयादित व्यवहार गरेमा यौन दुव्यवहारकोकसूर गरेकोमानिन्छ ।

### ४.७.२. यौन दुर्व्यहार सम्बन्धि कसूरमा उजुर गर्ने हदम्याद कति हुन्छ ?

आसय करणीको कुरामा सो कुरा प्रकाश भएको मितिले एक बर्ष भित्र नालेश दिनु पर्छ ।

### ४.७.३. यौन दुर्व्यहार सम्बन्धि कसूरमा सजायकति हुन्छ ?

यस्तोकसूर गर्नेव्यक्तिलाईतीन बर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।यस्तो कार्यवाट पिडीत ब्यक्तिलाई कसुरदारवाट मनासिव माफिकको क्षतिपूर्ति समेत भराई दिनु पर्नेछ ।

### ४.७.३.१.बाल यौन दुरुपयोग :

कसैलेकरणी गर्नेउदेश्यलेअस्वभाविक रुपमा एकान्तमा लगेमा, यौनसम्बन्धि अंग छुनेसमाउनेगरेमा वा आफ्नोयौन सम्बन्धि अंग छुन समाउन लगाएमा वा अन्य अस्वभाविक यौनजन्य व्यवहार गरेमा बाल यौन दुरुपयोग कसूर गरेकोमानिन्छ। यस्तोकसूर गर्नेव्यक्तिलाईतीन बर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।

### ४.७.३.२.अप्राकृतिक मैथुन सम्बन्धि कसूर:

कसैलेकसैकोमन्जूरी बिना अप्रकृतिक मैथुन गरेवा गराएमा यस्तोकसूर गर्नेव्यक्तिलाईतीन बर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।

## ४.८. जबर्जस्ती करणी

### ४.८.१.जबर्जस्ती करणी भनेकोकेहो?

कुनै पनि लोग्ने मानिसले आफ्नो यौन ईच्छा पूरा गर्न नाबालिका,सधवा वा विधवालाई जबर्जस्तीसँग अनुचित यौन कार्य गरेमा त्यसलाई जबर्जस्ती करणी वा बलात्कार भनिन्छ। जबर्जस्ती करणी हुँदा जबर्जस्ती करणी गर्ने लोग्नेमान्छेले महिलालाई बाध्य गरी जबर्जस्तीसँग करणी गरेको हुनुपर्दछ। साधारण बोलचालको भाषामा यसलाई बलात्कार भनिन्छ। यदि अठार वर्षमुनिकी नाबालिकालाई मञ्जुरी लिएर जोरजुलुम नगरी करणी

गरेको भए तापनि जबर्जस्ती करणी नै ठहर्दछ।

### ४.८.२.कुन कुन अवस्थाहरुमा महिलामाथि जबर्जस्ती यौन सम्बन्ध राखेमा त्यसलाई जबर्जस्ती करणी भएको मानिन्छ ?

- १८ बर्षभन्दा मुनिकी बालिकालाईनिजकोमञ्जुरी लिएर यौन कार्यगरेकोभएता पनि त्यसलाईजबर्जस्ती करणी गरेकोठहर्छ।
- महिलालाईनिजकोमञ्जुरी नलिईजबर्जस्ती यौन कार्यगरेमा त्यसलाईजबर्जस्ती करणी गरेकोठहर्छ। करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी, बन्धक बनाइलिएकोमञ्जुरीलाईमञ्जुरी मानिनेछैन ।
- होश ठेगानमा नरहेकोअवस्थामा लिएको मञ्जुरीलाईमञ्जुरी मानिनेछैन ।
- गुदद्वार, मुखमा वा योनीमा लिंग केहीमात्र प्रवेश भएकोरहेछ भनेपनि यसलाई जबर्जस्ती करणी गरेकोमानिनेछ गुदद्वार वा मुखमा लिङ्ग पसाएमा वा लिङ्ग बाहेक अन्य कुनैवस्तुयोनीमा प्रवेश गराएमा पनि जबर्जस्ती करणी गरेकोमानिनेछ ।

### ४.८.३. जबर्जस्ती करणी गर्ने लाई कस्तो सजायँको व्यवस्था गरिएकोछ ?

- १० वर्षभन्दा कम उमेरका बालिकालाईजबर्जस्ती करणी गरेमा त्यस व्यक्तिलाई१६ वर्षदेखि २० वर्षसम्म कैद सजायँहुन्छ ।
- १० वर्षवा सोभन्दा माथि तर १४ बर्षभन्दा कम उमेरकी बालिकालाईजबर्जस्ती करणी गरेमा त्यस व्यक्तिलाई१४ वर्षदेखि १६ वर्षसम्म कैद सजायँहुन्छ ।
- १४ बर्षवा सोभन्दा माथि र १६ बर्षभन्दा कम उमेरकी

बालिकालाईजबर्जस्ती करणी गरेमा त्यस व्यक्तिलाई१२ बर्षदेखि १४ बर्षसम्म कैद सजायँहुन्छ ।

- १६ बर्षवा सोभन्दा बढी र १८ बर्षभन्दा कम उमेरकी महिलालाईजबर्जस्ती करणी गरेमा त्यस व्यक्तिलाई१० बर्षदेखि १२ बर्षसम्म कैद सजायँहुन्छ ।
- १८ बर्षवा सोभन्दा बढी उमेरकी महिलालाईजबर्जस्ती करणी गरेमा त्यस व्यक्तिलाई ७ बर्षदेखि १० बर्षसम्म कैद सजायँहुन्छ ।

### ४.८.३.वैवाहिक बलात्कार सम्बन्धी कसुर कस्तोलाई भनिन्छ ?

वैवाहिक सम्बन्ध कायम रहेकोअवस्थामा पतिले पत्नीलाई निजको मन्जुरी बेगर जबरजस्ति यौन सम्बन्ध राखेमा गरेमा वैवाहिक बलात्कारको कसुर हुन्छ ।

### ४.८.४.वैवाहिक बलात्कार सम्बन्धी कसुरमा सजायँ कति हुन्छ ?

पतिले पत्नीलाई जबर्जस्ती करणी गरेमा ५ बर्षसम्म कैद सजायँहुन्छ ।

निम्न अवस्थामा जबर्जस्ती करणी गरेमा वैवाहिक सम्बन्ध कायम रहेकोमा निनेछैन, यस्तो अवस्थामा गरेको जबर्जस्ती करणी सम्बन्धी कसुरमा अन्य महिला विरुद्ध गरेको कसुर सरह सजायँहुन्छ ।

क. पतिसंग मानो छुटिई अंश मुद्दा चलेको ।

ख. पतिसंग अंश लिईछुट्टै बसेको ।

ग. पतिसंग सम्बन्ध विच्छेद मुद्दा चलेको ।

### ४.८.५ वैवाहिक बलात्कार सम्बन्धी कसुरमा अन्तरिम सरक्षणात्मक आदेश दिन मिल्छ की मिल्दैन ?

अन्तरिम सरक्षणात्मक आदेश दिन मिल्छ र अन्तरिम सरक्षणात्मक आदेश पीडितलेनिवेदन दिईमाग गरेमा अदालतले यस्तो पीडित पत्नीलाईबसी आएको घर मा नै बस्न दिन, खानलाउन दिन, कुटपिट नगर्नतथा शिष्ट वा सभ्य व्यवहार गर्नलाउन, आवश्यक उपचार गराउन, आवश्यक देखेमा पतिलाईअलग्ग बस्न, पत्नीलाईभरण पोषणको व्यवस्था गर्न, दुःख दिन वा सताउने कार्यनगर्न, पत्नीको हित सुरक्षाको निमित्त आवश्यक कुरा गर्नगराउन अन्तरिम आदेश दिन सक्नेछ ।

## ४.९. हाडनाता करणी

### ४.९.१. हाडनाता करणी भनेको के हो?

आफ्नोजातिय समुदाय वा कुलमा चलिआएको चलन अनुसार विवाह गर्न हुनेनाता सम्बन्धमा वाहेकका हाडनाता भित्रका व्यक्तिसंग जानीजानी करणी लिनुदिनु गरेमा त्यसलाई हाडनाता करणी भनिन्छ ।

### ४.९.२आफ्नो हाडनाता भित्र करणी गरेमा के-कति सजायँतथा जरिवाना हुन्छ?

- आफ्नोजन्म दिने आमाको करणी गर्नेलाई जन्मकैदको सजायँ हुन्छ ।
- आफुले जन्माएको छोरीलाई करणी गर्नेलाई जन्मकैदको सजायँ हुन्छ ।
- सौतिनीआमा, सौतिनी छोरी, सहोदर दिदीबहिनी, ससुराले बुहारीलाई, बाजेले नातिनी पनातिनीलाई, जेठाजुले भाईबुहारीलाई, देवरले भाउजूलाई करणी गरेमा ४ बर्षदेखि १० बर्षसम्म कैद र ४० हजार रुपैयाँदेखि १ लाख रुपैयाँसम्म जरिवाना हुन्छ ।

- एकैहाँगाको तीन पुस्तासम्मको बजैलाई नाति वा पनातिले करणी गरेमा, काका वा ठूलोबुवाले भतिजीलाई, भतिजाले ठूलीआमा वा काकीलाई, ससुराले भतिजी बुहारीलाई, मामालेभान्जीलाई, भान्जालेमाईजुलाई, आमा तर्फका ठुलीआमा वा सानी आमालाई छोराले, सासुलाई जुवाईले करणी गरेमा ३ बर्षदेखि ६ बर्षसम्म कैद र ३० हजार देखी ६० हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।
- माथि उल्लेखित नातादेखि बाहेक आफ्नो वंशका सात पुस्तासम्मका अन्य नातामा करणी भएमा हागोनाता र पुस्ता समेत विचार गरी १ बर्षदेखि ३ बर्षसम्म कैद १० हजारदेखि ३० हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।

### ४.९.३. जवरजस्ती करणीमा थप सजायँको ब्यवस्था छ की छैन ?

- ६ महिना भन्दा बढीको गर्भवती, असक्त वा अपांङ्ग, वा शाारिरीक वा मानसिक रुपमा अस्वस्थ महिलालाई वा हातहतियार देखाई जवरजस्ति करणी गरेमा माथि उल्लेखित उमेर अनुसारको सजायमाँ थप ५ वर्षकैद सजायँहुन्छ ।
- हाडनाता भित्रको जवरजस्ति करणीः कसैले हाडनाताकी महिलालाई जवरजस्ति करणी गरेमा उमेर अनुसार जवरजस्ति करणीमा हुने सजायँ र हाडनाता करणीमा हुनेसजायँ समेत गरि दुवै सजायँ गरिनेछ । र
- सामूहिक जबर्जस्ती करणी गरेमा,

### ४.९.४. एच.आई.भी. पोजेटिभ तथा यौन रोग सार्ने नियतले जर्वजस्ती करणी गरे

- आफूलाईमानवरोग प्रतिरोधक क्षमता नष्ट गर्नेजिवाणु( एच.आई.भी.पोजेटिभ) रोग भएको थाहा पाउँदा पाउँदैकसैलेजर्वजस्ती करणी गरेकोरहेछ भनेत्यस्तोकसुरदारलाई१० बर्ष सम्म कैद १ लाख रुपैयाँसम्म जरिवाना हुनेछ। त्यस्तोरोग सार्नेनियत नभईलापरवाही वा हेलचेक्राईबाट सर्नगएकोरहेछ भने३ बर्षसम्म कैद र ३ हजार रुपैयाँसम्म जरिवाना हुनेछ
- -अन्य सरुवा यौन रोग भएकोथाहा पाउदा पाउदैजर्वजस्ती करणी गरेमा तीन बर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुन्छ।
- -पीडित आफैत्यस्तोरोग लागेकोव्यक्तिसंग यौन सम्पर्कगर्नगएकोरहेछ भनेउपरोक्त कसूर गरेकोमानिनेछैन।

### ४.९.५कैद वा थुनामा रहेकी कुनैमहिला विरुद्ध भएकोजर्वजस्ती करणी माके कस्तो सजाय हुन्छ?:

- कैद वा थुनामा रहेकी कुनैमहिलालाईसरकारी कर्मचारीलेकरणी गरेमा वा करणी गर्नअरु कसैलाईसंयोग पारी, मिलाईदिईकरणी गराएमा। ३ वर्षकैद वा अन्य कानुन अनुसार पनि सँजाय हुनेरहेछ भने सोसँजाय समेत थप हुनेछ।

### ४.९.६आफ्नोसंरक्षण वा सुरक्षामा रहेकोव्यक्ति विरुद्ध भएकोजर्वजस्ती करणीमाके कस्तो सजाय हुन्छ? :

- आफनोसंरक्षण वा सुरक्षामा रहेकोव्यक्तिलाईत्यसरी संरक्षण दिनेवा हेरविचार गर्नेव्यक्तिलेकरणी गरेमा वा करणी गर्नअरुलाईसहयोग गरेमा वा होस ठेगानमा नरहेकी वा शारिरीक वा मानसिक रोग लागी उपचार

वा पुनस्थापनर्ा गर्नराखिएकी कुनै महिलालाई त्यस्तो उपचार वा पुर्नस्थापना गर्नेसंस्थाका पदाधिकारी वा कर्मचारीलेकरणी गरेमा, ३ वर्षकैद वा अन्य कानुन अनुसार पनि सँजाय हुनेरहेछ भनेसोसँजाय समेत थप हुनेछ ।

### ४.९.७.सेवाग्राही विरुद्ध भएकोजर्वजस्ती करणीमाके कस्तो सजाय हुन्छ? :

सरकारी वा निजी कार्यालयमा कार्यरत वा कुनै पेशागत सेवा वा व्यवसायिक कामकोलागी आएकोसेवाग्राही संग सोकार्यालयको कर्मचारीलेकार्यालयकोकाम गर्दावा त्यस्तोसेवा उपलब्ध गराउदा वा गराउनेस्थानमा करणी गर्नवा करणी गर्नअरुलाईसहयोग गर्नसहयोग गरेमा चार बर्षसम्म कैद र चालिस हजार रुपैयाँसम्म जरिवाना हुनेछ र अन्य कानुन अनुसार पनि सँजाय हुनेरहेछ भनेसो सँजाय समेत थप हुनेछ ।

### ४.९.१० जबर्जस्ती करणी गर्नेव्यक्तिलाईपीडित महिलालेमारेमा केहुन्छ ?

प्रत्येक व्यक्तिलाईआफ्नोतथा अरु कसैकोजिउ ज्यान वा सम्पत्तिलाईकुनैगैर कानुनी क्षतिवाट वचाउनकोलागी तत्काल कुनैकाम नगरेमा बचाउन सकिदैन भन्नेमनासिब कारण स्वरुप केही गर्दाभए गरेकोकुनैकाम कसूर मानिनेछैन । यदि कुनैपनि महिलाले आफुमाथी जबर्जस्ती करणी हुनेसम्मकोठूलोडर त्रास परि करणी नहुदैवा उसैवखत केही गर्दानिज करणी गर्नेमान्छेलाईमारेमा ती महिलालाईसजायँहुँदैन ।

### ४.९.११. जवरजस्ती करणी भएकी पिडीत संग अदालती कार्यवाही सम्बन्धमा कानुनले के के विशेष ब्यवस्था गरेको छ ?

**(क) यौन सम्बन्धी अपराधमा बन्द इजलासकोव्यवस्था :–**

यौनसँग सम्बन्धित अपराधकोमुद्दाकोसुनुवाईमा मुद्दासँग सम्बन्धित कानुन व्यवसायी, अभियुक्त, पीडित र निजकोसंरक्षक, अड्डालेअनुमति दिएकोप्रहरी र अदालतका सम्बन्धित कर्मचारीमात्र मुद्दाकोकारवाही भइरहेकोइजलासमा उपस्थित हुन सक्दछन्।

**(ख) पीडितकोबयानमा विशेष व्यवस्था :–**

जबर्जस्ती करणी मुद्दामा पीडितकोबयान गराउँदा महिला कर्मचारी नभएमा समाजसेवी महिलाकोरोहवरमा अन्य कर्मचारीलेबयान गराउनुपर्दछ ।

### ४.९.१३.जबर्जस्ती करणीमा कहाँउजुरी गर्नुपर्दछ ?

यदि कसैलाई जबर्जस्ती करणी (बलात्कार) भएमा जबर्जस्ती करणी हुनासाथ वा भएको थाहा पाउना साथ तुरुन्तै नजिकैको प्रहरी चौकीमा लिखित वा मौखिक उजुरी थाहा पाउने जोसुकैले पनि गर्नसक्छ ।।

### ४.९.१४.जबर्जस्ती करणीमा कहिलेउजुरी गर्नुपर्दछ ? (हदम्याद)

सकेसम्म तुरुन्तै उजुरी गर्नुपर्दछ, नभएमा जबर्जस्ती करणी भएको १ बर्षभित्रमा उजुरी दिइसक्नु पर्दछ, । तर थुनामा रहेको तथा बन्धक बनाएकोअवस्थामा भनेमुक्ती पाएको मितिलेतिन महिना भित्र उजूरी गर्नुपर्नेछ । नत्रभनेउजुरी लाग्दैन । हाडनाता करणीको हकमा भने जहिलेसुकैपनि उजूर लाग्न सक्नेछ ।

### ४.९.१५. जबर्जस्ती करणीमा कसलेउजुरी गर्नसक्दछ ?

जबर्जस्ती करणीमा पीडित आफैंलेवा पीडितको परिवार, आफन्त वा जोसुकैले उजुरी दिन सक्दछ।

### ४.९.१६.जबर्जस्ती करणी भएमा तुरुन्तै के गर्नु पर्दछ ?

- ➢ बलात्कार हुँदा लगाएको लुगा, कट्टुर यौन अंग नधुने, धोएमा प्रमाणहरु नष्ट हुन्छन्। उक्त कपडाहरु खोलेर सुरक्षित राख्ने।
- ➢ तुरुन्तै नजिकको प्रहरी चौकी, महिला तथा बालबालिका सेवा केन्द्रमा गएर लिखित वा मौखिक जाहेरी दरखास्त दिने ।
- ➢ प्रहरीलाई लिएर तुरुन्तै शारिरीक परीक्षणका निम्ति अस्पताल जाने, जबर्जस्ती करणी हुँदा लगाएका कपडा समेत जाँच गराउने, बलात्कारमा डाक्टरको रिपोर्ट महत्वपूर्ण हुन्छ ।

### ४.९.१७. जबर्जस्ती करणीवाट वच्नका लागी के कस्ता सावधानीहरु अपनाउनुपर्दछ ?

- ➢ अति घनिष्ठ पुरुषसँगको मैत्री सम्बन्धबाट होशियार रहनुहोस् ।
- ➢ आफ्नो व्यक्तिगत विवरण जस्तैः नाम, ठेगाना, फोन नंफेसबुक जस्ता समाजिक संजाल मार्फत नखोल्नुहोस ।
- ➢ सामाजिक संजालमा पोष्ट गर्दा कहि जान लागेको वा एक्लै घरमा भएको जस्ता कुराहरु पोष्ट नगर्नुहोस् ।
- ➢ अपरिचित व्यक्तिहरुसंग आफ्नो व्यक्तिगत विवरण दिएर अनावश्यक कुरा नगर्नुहोस्।

- अन्धकारमय क्षेत्रमा हिंड्दा होशियार भईहिंड्नोस्, सकेसम्म एक्लैनहिंड्नोस्।
- जोसुकैले दिएको खानेकुरा नखानोस् वा पेय पदार्थ नपिउनोस् र उपहार नलिनोस् ।
- पुरुष साथीलेघुम्न जाऊँ भन्दैमा जतातते एक्लैघुम्न नजानोस् ।
- आफु कहि जादा वा वाहिर घुम्न जादा परिवारलाईजानकारी दिएर मात्र जानुहोस् ।
- शिक्षकहरुलाईतथा अन्य ब्यक्तिलाईपनि शरीरका अंगहरु छुन समाउन नदिनुहोस् ।
- वालवालिकालाई उनिहरुका यौन अंगहरुको वारेमा, राम्रो मनसायले गरीएको स्पर्शर
- नराम्रो मनसायले गरिएको स्पर्शको सम्बन्धमा जानकारी दिलाउनुहोस्।
- वालवालिकालाई खुलेर बोल्ने वातावरण दिनुहोस र उनिहरुको कुरालाई ध्यानपूर्व सुनिदिनुहोस ।

### ४.९.१८.योपनि थाहा पाइराख्नोस्:

- धेरैजसो बालबालिका र किशोर किशोरीहरु माथि यौन शोषण गर्नेव्यक्ति प्राय: आफ्नै नजिक सम्बन्धका व्यक्तिहरु हुनेगर्छन्।
- आफूमाथि कसैलेयौन शोषण गरिरहेकोछ भनेत्योकुरा लुकाउनुहुँदैन । आफ्नो विश्वासका साथी अथवा अभिभावकलाई भनिहाल्नुपर्दछ ।
- कसैलेबलात्कार गर्नलागेमा कराएर, हल्ला गरेर

अरुकोध्यान आकर्षण गरिहाल्नु पर्दछ ।

- बलात्कारबाट पीडित महिलालाईपूनर्स्थापनागर्न, बलात्कारीलाईसजायँदिन र पिडीतलाइ न्याय दिलाउन सहयोग गरौ ।

## ५ घरेलु हिंशा (कसुर र सजाय) ऐन, २०६६

### ५.१. घरेलु हिंसा भनेको केहो?

"घरेलुहिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्भन्नु पर्छ र सो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँछ ।

### ५.२. घरेलु हिंसा सम्बन्धि ऐनले कस्ता प्रकारका हिंसालाई दण्डनिय मानेकोछ ?

घरेलुहिंसा सम्बन्धि ऐनलेनिम्न चार प्रकारका हिंसालाईदण्डनीय मानेकोछ ।

१) **शारिरीक हिंसा :**

कुटपिट गर्ने, गैर कानूनी थुनामा राख्ने, शारिरीक चोट पुऱ्याउने, तेजाव वा त्यस्तैअन्य प्रकारका अन्य पदार्थछर्किईवा सोपदार्थलेपोली, दली, घसी, जीउमा पिडा पुर्‍याउनेवा अनुहार वा शरिरकोकुनैअंग कुरुप पारिदिनेवा यस्तैअन्य कुनैकाम गर्नेवा गराउने कार्यशारिरीक हिंसा हो ।

२) **मानसिक हिंसा :**

शारिरीक हिंसाकोडर धाक देखाउनेवा धम्की दिने, त्रासपुर्णव्यवहार गर्ने, गाली गलौज गर्ने, भुठ्ठा बात लगाउने, घरबाट निकाला गर्ने, वैचारिक, धार्मिक, सांस्कृतिक, प्रथा, परम्पराका आधारमा भेदभाव गर्नेरुप रंग शारिरीक वनावट तथा कुनैरोग लागेको

आधारमा अपमानित गर्ने, मानसिक सन्तुलत गुमाउने, आत्महत्या गर्नदुरुत्साहन गर्नेवा आत्महत्या गर्नेपरिस्थिती खडा गर्नेहदसम्मकोकार्यमानसिक हिंसा हुन्। योशब्दले मानसिक तथा भावनात्मक चोट पुग्न सक्नेअन्य काम समेतलाईजनाउछ।

### ३) यौनजन्य हिंसा:

यौनजन्य प्रकृतिकोदुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउनेवा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्नेकुनैपनि कार्ययौनजन्य हिंसा हुन् ।

### ४) आर्थिक हिंसा

महिलालाईसगोल वा निजी सम्पत्तिको प्रयोग गर्ननदिनु, रोजगारी वा आर्थिक स्रोत वा साधनको पहुच वा प्रयोगबाट बन्चित गरिनु, महिलाकोहकमा दाईजोमाग गर्ने, दाईजो ल्याउन दवाव दिने, दाईजो नल्याएको कारणवाट घृणा, हेला तथा तिरस्कार गर्नुलाई समेत आर्थिक हिंसा भनिन्छ।

## ५.३ .कस्ले गरेको हिंसांलाई घरेलु हिंसा भनिन्छ ?

कानुनलेनिम्न तलका सम्बन्धलाई घरेलु सम्बन्ध भित्र पर्ने व्यक्तिहरु भनेर उल्लेख गरेकोछ। यसरी घरेलुसम्बन्ध भएको व्यक्तीले गरेको हिंसालाई घरेलुहिंसा भनिन्छ :

- वंशज,
- विवाह,
- धर्मपुत्र/पुत्री
- संयुक्त परिवारकोसदस्य
- आश्रीत वा कामदारको रुपमा एकै परिवारमा बसेका व्यक्तिहरुका बीचमा भएकोवा हुन सक्ने सम्बन्धलाई राखिएकोछ ।

- ➢ संगैबसेका जोडी वा अंश लिईवा नलिईभिन्न बसेका पति वा पत्नि समेतलाई जनाउछ ।

## ५.४. घरेलुहिंसा भएमा कस्लेर कहा उजूरी दिने?

घरेलुहिंसा भएको, भैरहेकोवा हुन लागेकोथाहा पाउने जुनसुकै व्यक्तीले सोसम्बन्धि विवरण खुलाई निवेदन दिन सक्नेछ । घरेलुहिंसा भएमा पिडीतलेनिम्न चार निकायहरु मध्ये कुनैएकमा उजूरी गर्नसक्नेछ ।

### (१) प्रहरी कार्यालय

प्रहरी कार्यालयमा उजूरी दर्ता भएकोमा प्रहरी कार्यालयले बाटोको म्याद बाहेक चौवीस घण्टाभित्र पीडकलाई झिकाईर अटेर गरे पक्राउ गरी तुरुन्त बयान गराउनुपर्नेछ ।

### (२) राष्ट्रिय महिला आयोग

राष्ट्रिय महिला आयोगमा दर्ताभएको उजुरी सम्बन्धी कारवाही

- ➢ जाँचबुझ गर्ने
- ➢ मेलमिलाप गर्नसक्ने
- ➢ सिफारिस वा अनुगमन गर्ने

### (३) स्थानीय तह (गा.पा./न.पा./वडा कार्यालय)

स्थानीय तहमा उजूरी दर्ता भएकोमा बाटोकोम्याद बाहेक चौवीस घण्टाभित्र पीडकलाई झिकाईर अटेर गरेपक्राउ गरी तुरुन्त बयान गराउनुपर्नेछ ।

### (४) अदालत

उजुरी प्राप्त भएमा अदालतलेसोही उजुरीको आधारमा यस ऐन बमोजिम कारवाही र किनारा गनुपर्नेछ ।

यसरी उजुरी परेपछि स्थानिय तह वा प्रहरी कार्यालयले पिडीतले चाहेमा उजुरी परेको ३० दिनभित्र दुवैपक्षबीच मेलमिलाप गराई

दिनुपर्छ । यदि मेलमिलाप हुन नसकेमा प्रहरी कार्यालय वा स्थानीय तह (गा.पा./नगरपालिका) लेउजुर गर्नेव्यक्तिको सहमति भएमा मेलमिलाप गर्नेम्याद (३० दिन) सकिएको मितिले १५ दिनभित्रमा उजुरी र प्रमाण कागजसहित जिल्ला अदालतमा पठाइदिनुपर्छ ।

## ५.५ अन्तरिम संरक्षणात्मक आदेश भनेकोकेहो?

पीडित व्यक्तिलेअदालतमा उजुरी दिइसकेपछि अदालतलाई नीज तथा नीजसँग आश्रितको जीउज्यानको सुरक्षा वा संरक्षणकोआवश्यकता छ भन्नेलागेमा अदालतले उजूरीको अन्तिम निर्णय नभएसम्मका लागि संरक्षणात्मक आदेश दिनसक्नेछ ।

- ➢ अदालतले यस्तो आदेश पीडित व्यक्तिलाई आफू बसेका घरैमा बसोबास गर्नदिने,
- ➢ खान लाउन दिने, कुटपिट नगर्ने,
- ➢ शिष्ट र सभ्य व्यवहार गर्ने,
- ➢ पिडीतलाई शारिरीक मानसिक चोट पुगेकोभएमा उचित उपचार गराउन तथा उपचारको लागी रकम उपलब्ध गराउन,
- ➢ पीडक र पिडीत एकै ठाउमा बस्न उर्पयुक्त नदेखिएमा पिडकलाई अलग बस्ने व्यवस्था गर्नर त्यसरी अलग बस्दा पिडीतको लागी भरण पोषणको व्यवस्था गर्न,
- ➢ गाली बेइज्जती नगर्ने,
- ➢ धम्की नदिने,
- ➢ पीडित बसेको ठाउँमा वा बाटोघाटोमा वा कार्यालयमा गई कुनैकिसिमको सञ्चार माध्यमबाट दुःख नदिनुभनी

घरेलुहिंसा गर्ने व्यक्तिकोनाममा दिनसक्नेछ ।

- ➢ पिडीतका अतिरिक्त नावालक वा निजसंग अीश्रतलाईसमेत कुनै संरक्षँण दिन आवश्यक देखिएमा अदालतले आदेश दिन सक्नेछ ।

## ५.६. उजुरी पछि चाल्नुपर्नेकदमहरु

- ➢ जाँचबुझ
- ➢ पिडकलाईभिकाउने(अटेर गरी बसेमा पक्राउ गर्नसक्ने
- ➢ पिडितकोघाः जाँच सम्बन्धी व्यवस्था गर्नंपर्ने
- ➢ तत्काल पिडितकोसुरक्षा व्यवस्था मिलाउनुपर्ने
- ➢ मेलमिलाप सम्बन्धि व्यवस्था
- ➢ मेलमिलापकोसमय

## ५.७. घरेलुहिंसामा उजूरी गर्नेहदम्याद कति हुन्छ ?

कसूर भए गरेकोमितीले९० दिन भित्र उजूरी दिनुपर्नेछ ।

## ५.८. घरेलुहिंसामा केकति सजाय हुन्छ ?

- ➢ घरेलु हिंसा गरेमाः
  - ➢ कसैले घरेलुहिंसा गरेमा त्यस्तो व्यक्तिलाईरु ३ हजार देखि रु २५ हजार सम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवैसजाय हुनेछ ।
  - ➢ घरेलुहिंसाको उद्योग गरेमा, दुरुत्साहन गर्नेवा मतियार हुनेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।
  - ➢ पटके पिडकको हकमाः
    एक पटक घरेलुहिंसाको कसूरमा सजाय पाइसकेको व्यक्तिले
  - ➢ सार्वजनिक जवाफदेहिकोपदमा बहाल रहेकोकुनैव्यक्तिले

आफ्नोपत्नि, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ती, नावालक वा गर्भवति महिला विरुद्ध यस ऐन बमोजिमको कसूर गरेमा निजलाईथप १० प्रतिशत सजाय हुन्छ ।

- अदालतको अन्तरिम संरक्षणको आदेश पालना नगरेमा
- अदालतले प्रदान गरेको आदेश पालन नगर्ने व्यक्तिलाई२ हजार देखि रु १५ हजारसम्म जरिवाना वा ४ महिनासम्म कैद वा दुवैसजाय हुनेछ ।

## ५.९. घरेलु हिंसाका पिडीतले के कस्ता अधिकारहरु प्राप्त गर्न सक्ने छन् ?

- घरेलुहिंसाकोपिडीतलेअनुरोध गरेमा जिल्ला कानूनी सहायता मार्फत निशुल्क कानूनी सहायता पाउनेछन ।
- घरेलुहिंसाकोपिडीतलेघरेलुहिंसाकोप्रकृति,मात्रा, पिडीतलाईपुगेकोपिडा, पिडक र पिडीतकोआर्थिक तथा सामाजिक हैसियतकोआधारमा मनासिव माफिकको क्षतिपुर्तिप्राप्त गर्नसक्नेछन्।
- घरेलुहिंसाको पिडीतको उपचारको लागी लागेको खर्च पिडकले बेहोर्नुपर्नेछ ।
- संक्षिप्त कार्यविधि अपनाईनेछ ।
- पिडितले अनुरोध गरेमा मुद्घाको कारवाही तथा सुनुवाईबन्द ईजलासमा हुनेछ ।
- पिडीतले चाहेमा अन्य कानून व्यवसायी राख्न सक्नेछ ।
- पिडीतलाई तत्काल सुरक्षा प्रदान गर्नतथा उपचारको क्रममा अलग्गैबस्न सेवा केन्द्रमा बस्नुका साथै आवश्यक्ता कानूनी सहायता, मनोविमर्श सेवा,

मनोवैज्ञानिक सवो तथा आर्थिक सहायता प्राप्त गर्नेअधिकार हुनेछ ।

## ५.१०. योपनि थाहा पाईराख्नुहोस्

अंग भंग गरेकोवा तेजाव वा त्यस्तैअन्य प्रकारका अन्य पदार्थछर्किईवा सोपदार्थलेपोली, डामी, दली, घसी, जीउमा पिडा पुर्‍याउनेवा अनुहार वा शरिरकोकनैअंग कुरुप पारिदिने गरि भएकोशारिरीका यातना समबिन्ध घरेलुहिंसाकोकसूर भएको, भईरहेकोवा हुन लागेको थाहा पाउनेव्यक्तीलेनजिककोप्रहरी कार्यालयमा जाहेरी दिन सक्नेछ। यस्तोमुद्धामा नेपाल सरकार बादी हुनेछ।

## ६.० मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

## ६.१ मानव बेचविखन तथा ओसार पसार भन्नाले के बुझिन्छ?

मानव बेचविखन तथा ओसार पसार भन्नाले कसैले कुनै पनि मानिसलाई बिक्री गर्ने उद्देश्यले ललाई फकाई वा कुनै आार्थिक प्रलोभन दिई वा झुक्याई वा डर त्रास वा दवावमा पारी वा वल प्रयोग गरी वा नगरी बिक्री गर्ने उद्देश्यले देश भित्र वा बाहिरएक ठाउ वाट हर्को ठाउमा लैजाने वा लगी बिक्री गर्ने, अन्य कुनै तरिकाले वेश्यावृत्तिमा लगाउने कार्यलाई जनाउछ। नेपालको कानूनले मानव बेचविखन तथा ओसार पसारलाई दण्डनीय गम्भिर अपराध मानेको छ

## ६.२ कस्तो कार्य गरेमा मानब बेचबिखन गरेको मानिन्छ ?

- कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने
- कुनै प्रकारको फाईदा लिई वा नलिई वेश्यावृत्तिमा

लगाउने,

- प्रचलित कानुन बमोजिम बाहेका मानिसको अंग झिक्ने
- बेश्यागमन गर्ने
- किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने
- वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी प्रपञ्च मिलाई जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाईदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अविभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसीरहेको घर, स्थान वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने ।

## ६.३. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ का प्रमुख विशेषताहरु :के के हुन्?

- मानव बेचबिखन तथा ओसारपसारमा पर्ने प्रभावित व्यक्तिलाई क्षतिपूर्ति भराउने व्यवस्था गरेको छ । जस अनुसार कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकम पीडितलाई क्षतिपुर्ति भराउनुपर्ने व्यवस्था गरिएकोछ ।
- पीडित आफैले उजुरी दिएमा प्रहरी कार्यालयले निजको

तत्काल बयान गराई त्यस्तो बयान प्रमाणित गराउनको लागि निजलाई तुरुन्त नजिकको जिल्ला अदालतमा उपस्थित गराउनु पर्नेछ

- यसरी एक पटक अदालतमा बयान प्रमाणित गराईसकेपछि मुद्धाको सिलसिलामा पीडित व्यक्ति आफै उपस्थित नभए पनि त्यस्तो अदालतबाट प्रमाणित गरासकेको बयानलाई प्रमाणको रुपमा लिन सकिन्छ ।
- अभियोग लागेको व्यक्तिलाई थुनामा राखेर कारबाही अगाडि बढाउन पर्ने प्रावधान भए पनि सर्वोच्च अदालतले यस व्यवस्थालाई खारेज गरेको छ ।
- कुनै पनि व्यक्तिलाई यस ऐन अन्तर्गतको कसुर गरेको आरोप लागेको अवस्थामा आफु निर्दोष छु भन्ने प्रमाण जुटाउने भार निज आरोप लाग्ने व्यक्तिमा नै रहने व्यवस्था गरेको छ ।
- पीडितले मुद्दाको सुनवाई छुट्टै कानुन व्यवसायी मार्फत गराउन चाहेको खण्डमा निजले त्यस्तो कानुन व्यवसायी राख्न पाउने व्यवस्था ऐनले गरेको छ ।
- मुद्दाको काम कारबाहीको सिलसिलमा भाषाको कारणले अप्ठयारो आईपरेमा प्रभावित व्यक्तिले आफनो मातृभाषा अनुसारको दोभाषे वा अनुवादक राख्न पाउने व्यवस्था गरेको छ
- मानब बेचबिखन तथा ओसारपसारमा परेका प्रभावित व्यत्तिलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रुपमा पुनर्स्थापना गर्न र पारिवारिक

पुनर्मिलन गराउनको लागि नेपाल सरकारले आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्नुपर्ने व्यवस्था गरिएको छ ।

- कुनै नेपाली नागरिक विदेशमा बेचिएका रहेछ भने निजको उद्धार गर्ने दायित्व नेपाल सरकारको हुनेछ
- यस ऐन अन्तर्गतको मुद्दाको काम कारवाही र सुनवाई बन्द ईजलास बाट गरिनेछ ।

## ६.४ . मानव बेचविखन तथा ओसार पसार कुन कुन प्रयोजनका लागी हुने गर्दछ।

- घरायसी कामधन्दामा लगाउन
- देहव्यापारमा लगाउन
- मृगौला प्रत्यारोपण गर्न
- सर्कसमा खेलाउन
- जोखिम काममा लगाउन
- क्लकारखानमा काममा लगाउन
- वाल सैन्यको रुपमा प्रयोग गर्न
- रेष्टुरेण्ट र होटलहरुमा ग्राहक रिझाउन, भड्किलो नाँच देखाउन
- धर्मपुत्र, धर्मपुत्री पाल्न
- मगन्ते बनाउन
- खाँडी देशहरुमा ऊँटको घाँटीमा बालबालिकाहरुलाई बाँधेर ऊँट दौडाउने खेल खेलाउन
- लागू पदार्थ तथा हातहतियार जस्तो अवैध कामको ओसारपसार गर्न

- जवरजस्ती विवाहको लागी

## ६.५. मानव बेचविखन तथा ओसार पसार हुने कारणहरु के के हुन्?

- सजिलो आय आर्जन
- सरकारी, राजनीतिक र कानूनी पक्ष
- नेपाल-भारत खुला सिमाना
- औद्योगिकीकरण
- भारतमा कोठीहरु ज्यादा हुनु
- बिदेश जाने लालसा
- सामाजिक-सांस्कृतिक मूल्यमान्यता
- जनचेतना एवं शिक्षाको कमी
- लैंगिक भेदभाव
- महिला रवालवालिकालाई दिएको न्यान सामाजिक मर्यादा
- परिवारिक विचलन
- इच्छा विपरीत गरीने विवाह
- धर्मिक सास्कृतिक कॅरीतीहरु
- शहरमॅखी वसाई सराई
- माग पक्षका कारणहरु
- यौन जन्य उद्योगहरुको बृद्धि
- सस्तो श्रमको माग
- उपभोक्तावाद
- विदेशिने प्रबृत्तिमा बृद्धि

## ६.६. मानव बेचविखन तथा ओसार पसारका असरहरु: के के हुन सक्छन् ?

- ज्याला बेगर वा ज्यादै कम ज्यालामा काम गर्न बाध्य हुनु
- जोखिमपूर्ण काम गर्नुपर्दा ज्यान जाने, चोटपटक लाग्ने र अङ्गभङ्ग हुने खतरा हुनु ।
- आफ्नो क्षमताले भ्याउने काम गर्न नपाउनु ।
- इच्छा नहुँदा नहुँदै पनि अपराध ठहरिने खालका क्रियाकलापहरु गर्न बाध्य हुनु ।
- परिवारको माया ममता नपाउनु ।
- यौनशोषण हुने खतरा हुनु ।
- शारीरिक तथा मानसिक यातना सहन बाध्य हुनु ।
- लेखाइपढाइ तथा जीवन भरी उपयोगी हुने खालका सीप सिक्ने अवसर नपाउनु ।
- आराम, मनोरञ्जन तथा आफ्नो खुशीसाथ आवतजावत गर्ने अवसर नपाइनु ।
- कुलतमा फँस्ने खतरा हुनु ।
- एच.आइ.भी./एड्स तथा अन्य यौनजन्य रोगहरु लगायत रक्तअल्पतना, क्षयरोग आदिबाट पीडित हुने खतरा हुनु, आदि ।
- अंग भंग हुने खतरा हुनु ।

## ६.६. मानव बेचबिखन विरुद्धका अपराधमा अभियुक्तले कुन कुन माध्यम प्रयोग गरी लैजाने गर्दछन ?

- नक्कली विवाह
- आर्थिक र काममा लगाउने

- सर्कसमा खेलाउने वाहना गरी
- औषधी तथा लागू पदार्थ सेवन गराई
- ब्यापार गर्न जाने वाहानामा
- औषधी उपचार गर्न लैजाने बहानामा
- घुम्न र ललाई फकाई
- डर र त्रास
- विश्वासमा पारेर (आफन्तले आफन्तलाई)
- सामान किन्न लैजाने वाहानामा

## ६.७. मानव बेचबिखन विरुद्धका अपराधमा सजाय कति हुन्छ ?

क) मानिस किन्ने वा बेच्ने लाई २० बर्ष कैद र २ लाख रुपैयाँ जरिवाना हुनेछ ।

ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसूरको मात्रा अनुसार १० बर्षदेखि १५ बर्षसम्म कैद र ५० हजार रुपैयाँदेखि १ लाखसम्म जरिवाना हुनेछ ।

ग) कानूनमा व्यवस्था भए बमोजिम बाहेक मानिसको कुनै अंग झिक्नेलाई १० बर्ष कैद र २ लाख रुपैयाँदेखि ५ लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

घ) वेश्यागमन गर्नेलाई १ महिनादेखि ३ महिनासम्म कैद र २ हजार रुपैयाँदेखि ५ हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

## ५.७. मानव वेचविखनमा उजूरी गर्न कहाँ जानु पर्छ ?

➢ मानब बेचबिखन तथा ओसारपसार कसुर गरेको, गरिरहेको वा गर्न लागेको थाहा पाउने जुनसुकै

व्यक्तिले नजिकैको प्रहरी कार्यालयमा उजुरी गर्न सक्ने व्यवस्था ऐनले गरेको छ

➢ उजुरी गर्ने व्यक्तिले आफ्नो नाम प्रकाशमा ल्याउन नचाहनेमा उक्त व्यक्तिको नाम गोप्य नै राख्न सकिने व्यवस्था पनि ऐनले गरेको छ ।

## ७. लैंगिकविभेद भनेको केहो ?

महिला र पुरूषबीचको शारीरिक भिन्नता प्रकृतिमा आधारित जन्मजात भिन्नता हो र यसलाई जैविक लिंगभेद भनिन्छ । जैविक लिंगभेद संसारभरी एकैनासको हुन्छ र यो अपरिवर्तनीय हुन्छ । तर सामाजिक एवं धार्मिक परम्पराअनुसार भिन्न भिन्नै लिंगका व्यक्तिहरूले बेग्लाबेग्लै प्रकारको भूमिका निर्वाह गरेको पाइन्छ । यसलाई सामाजिक लिंगभेद भनिन्छ र यो परिवर्तनीय हुन्छ । यही सामाजिक लिंग भेदकै आधारमा गरिने भेदभाव नैलैंगिक विभेद हो ।

## ७.१ लैगिंक हिंसा भनेको के हो ?

सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा हुने हिंसाजन्य कार्य नै लैगिंक हिंशा हो । खास गरी महिला भएकै कारणले उनीहरुमाथी हिंशा वढी हुने गर्दछ । महिलामाथी हुने हिंशाले उनीहरुको शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउँदछ वा पुऱ्याउने संभावना हुन्छ, ।

## ७.२ लैङ्गिक हिंशा का प्रकारहरु के के हुन् ?

➢ शारीरिक हिंसा : कुटपिट, अंगभंग, शारिरीक चोट, थुन्नु, जलाउनु, मार्नु, बलपूर्ण गर्भपतन

- मानसिक हिंसा :डर धाक, धम्की, त्रासपूर्ण व्यवहार, गाली गलौज, झुठ्ठा आरोप, बेइज्जत, भेदभाव
- यौनजन्य हिंशा :बलात्कार, यौनजन्य दुर्व्यवहार, यौन यातना तथा शोषण, हाडनाता करणी, वैवाहिक बलात्कार, मानव बेचबिखन तथा ओसार-पसार
- सामाजिक हिंसा :बाल विवाह, बहुविवाह, अनमेल विवाह, घरेलु हिंसा, दाइजोजनित हिंसा
- आर्थिक हिंसा:आर्थिक साधन स्रोतबाट बञ्चिती, सम्पत्तिको दुरुपयोग, रोजगारी वा आयआर्जन गर्ने कार्यबाट बञ्चित
- प्रथा/परम्पराजनित हिंसा :बोक्सीको आरोपमा यातना, देउकी, वादी, झुमा, छेउपाडी, छुवाछुत, जारी प्रथा
- राजनीतिक हिंसा : परिवारबाट महिलालाई राजनीति प्रवेशमा रोक लगाउने र असहयोग गर्ने एवं पितृसत्तात्मक सामाजिक संरचनाको कारणले शक्ति असन्तुलनको कारणले राजनीतिमा न्यून सहभागिता, उम्मेदवमर सकेसम्म महिलालाई नवनाउने आदि ।
- अन्य हिंसा :महिला भएकै कारण राज्यनिर्मित कानूनमा महिलालाई भेदभाव गर्नु, नागरिकता दिन र लिन व्यवहारमा कठिनाई, छोरासरह छोरीलाई शिक्षाको पहुँच नहुनु, स्वास्थ्योपचार नगरिदिने, भेदभावपूर्ण वैवाहिक परम्परा, आदी कारणले पनि हिंसा निम्त्याएको छ

## ८. न्यायिक समिति

### ८.१.न्यायिक समिति के हो र यसको गठन कसरी हुन्छ ?

कानून बमाजिम आफ्नो अधिकारक्षेत्र भित्रको बिषयमा विवादको

निरुपण गर्नेगाउपालिका तथा नगरपालिकामा तीन सदस्यीय एक न्यायिक समिति रहनेव्यवस्था नेपालका सविधानको धारा २१७ ले गरेक छ । गाउपालिकामाउपाध्यक्षको सयोजकत्वमा र नगरपालिकामा उपप्रमुखको संयोकत्वमा त्यस्तान्यायिक समिति गठन हुन्छन । न्यायिक समितिमा संयोजकको अतिरिक्त दईजना सदस्यहरू सम्बन्धित सभाका सदस्यहरूले आफु मध्येबाट निर्वाचित गरेका सदस्यहरू रहन्छन ।

## ८.२. न्यायिक समितिलाई देहायका विवादको निरुपण गर्ने अधिकार हुन्छ,:

(क) आलीधुर, बांध पैनी, कुलो वा पानीघाटको बांडफांड र उपयोग,

(ख) अर्काको बाली नोक्सान गरेको,

(ग) चरन घांस दाउरा,

(घ) ज्याला मजुरी नदिएको,

(ङ) घरपालुवा पशुपंक्षि हराएको वा पाएको,

(च) जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,

(छ) नावालक छोरा छोरी वा पति पत्नीलाई ईज्जत आमद अनुसारखान लाउन वा शिक्षा दिक्षा नदिएको,

(ज) बार्षिक २५ लाख रुपैयासम्मको विगो भएको घर बहाल र घर बहाल सुविधा,

(झ) अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रुख विरुवा लगाएको,

(ञ) आफ्नो घर वा बलेसी वा अर्काको घर जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको,

(ट) संधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको ।

(ठ) कसैको हक वा स्वामीत्वमा भएपनि परापूर्व कालदेखि सार्वजनिक रुपमा प्रयोग हुंदै आएको बाटो, बस्तुभाउ निकाल्ने निकास, बस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्तेष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपभोग गर्ननदिएको वा वाधा पुऱ्याएको,

(ड) संघीय वा प्रदेश कानूनले स्थानीय बाट निरुपण हुने भनि तोकेका अन्य विवाद ।

## ८.३. न्यायिक समितिलाई कस्ता विवादहरुमा मेलमिलापको माध्यमबाट मात्र विवादको निरुपण गर्ने अधिकार हुन्छ ?

(क) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले च्यापी, मिचि वा घुसाई खाएको,

(ख) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको,

(ग) अंगभंग बाहेकको बढीमा एक वर्ष कैद हुन सक्ने कुटपिट,

## ८.४. न्यायिक समितिले अधिकार क्षेत्रको प्रयोग कसरी गर्दछन् ?

१) न्यायिक समितिको अधिकार क्षेत्रको प्रयोग समितिका संयोजक र सदस्यरुले सामुहिक रुपमा गर्नेछन् र बहुमतको राय समितिको निर्णय मानिनेछ ।

(२) समितिको संयोजक र एकजना सदस्यको उपस्थिति भएमा विवादको कारवाही र किनारा गर्न सकिने ।

(३) संयोजक बाहेक अरु २ जना सदस्यको उपस्थिति भएमा विवादको किनारा गर्न बोक अरु कारवाही गर्न सकिने ।

(४) संयोजक पद रिक्त भएमा बांकी २ जनाको सर्वसम्मतिमा विवादको कारवाी किनारा गर्न सकिने ।

(५) कुनै विववादको सम्बन्धमा समितिको संयोजक वा कुनै सदस्यको स्वार्थ गांसिएको वा संयोजक वा सदस्यको नाताभित्रका व्यक्ति विवादको पक्ष भएमा नीजबाट सोको कारवाही र किनार हुन नसक्ने,

(६) संयोजक वा कुनै सदस्यले हेर्न नमिल्ने भएमा बांकी अरुले विवादको कारवाही र किनारा गर्न सक्ने । तीनै जनाले सो विवाद हेर्न नमिल्ने भएमा सम्बन्धित सभाले तीनजना सदस्यलाई विवादको किनारा लगाउन तोक्न सक्ने ।

(७) यसरी तोकिएकोमा तीन जना मध्ये जेठो सदस्यले संयोजक भई कार्य गर्ने ।

## ८.५. न्यायीक समितीले कसरी न्याय सम्पादन प्रक्रिया गर्दछन ?

(१) समितिले प्राप्त निवेदन दर्ता गरी सम्बन्धितलाई निस्सा दिने,

(२) विवादको किनारा गर्दा मेलमिलाप प्रक्रियाद्धारा दुवै पक्षको समतिमा मिलापत्र गराउने, मिलापत्र हुन नसकेमा मात्र दफा ४७ (१) अनुसार निरुपण गर्ने,

(३) सूचिकृत भएका मिलापत्रकर्ताबाट मात्र मिलापत्र गराउने,

(४) प्रतिवादी उपस्थित भएको मितिले ३ महिना भित्र मेलमिलापको माध्यमबाट टुंग्याउनु पर्ने, मेलमिलाप हुन नसके दुवैलाई अदालत जान सुनाई मिसिल कागज र प्रमाण अदालतमा पठाईदिने

(५) पक्ष हाजिर हुन आएपछि सम्बन्धित अदालतले सो मुद्दाको कारवाही किनार गर्नु पर्ने,

(६) समितिले उपयुक्त देखेमा वादीको माग बमोजिम प्रतिवादीको नाममा रहेको बैंक खाता, अचल सम्पत्ति रोक्का राख्न सक्ने, यसरी लेखि आएकोमा सम्बन्धित निकायले रोक्का राखी सो को जानकारी समितिलाई दिनु पर्ने,

(७) प्रतिवादीले सो रोक्का फुकुवा गर्न निवेदन दिएमा र समितिले फुकुवाको लागि लेखि पठाउने र सम्बन्धित निकायले फुकुवा गरी सो को जानकारी दिनु पर्ने ।

**८.६. विवाद निरुपण गर्दा समितिले पति पत्नी वीचको वा जेष्ठ नागरिकको संरक्षण सम्बन्धी विवादमा पिडित, निजको नावालक सन्तान वा नीजसंग आश्रित कुनै व्यक्तिको हितको लागि सम्बन्धित पक्षलाई देहायको संरक्षणत्मक आदेश दिन सक्ने :**

- पिडितलाई बसी आएको घरमा बस्न दिन, खान, लाउन दिन, कुटपिट नगर्न शिष्ट र सभ्य व्यवहार गर्न,

- पिडतलाई शारिरीक वा मानसिक चोट पुगेको भए उपचार गराउन,
- पिडितलाई अलग रुपमा बसोवासको प्रवन्ध गर्नु पर्ने भए गर्न र अलग बस्दा नीजको भरण पोषणको व्यवस्था गर्न ।
- पिडितलाई गाली गलौज गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने कार्य नगर्न नगराउन,
- पिडीतको हित र सुरक्षाका लागि अन्य आवश्यक कुरा गर्न गराउनदफा ४७ बमोजिमको विवाद सम्बन्धी समितिमा निवेदन परेमा प्रचलित कानूनमा प्रतिवादी उपस्थित हुनु पर्ने म्याद तोकिएकोमा सोही अनुसार र म्याद नकिटिएकोमा बाटोको म्याद बाहेक १५ दिन भित्र प्रतिवादी आफै वा वारेस मार्फत लिखित व्योरा सहित समितिमा उपस्थित हुन पर्ने,
- समितिले मेलमिलाप गराउने प्रयोजनका लागि प्रयेक वडामा मेलमिलाप केन्द्र गठन गर्न सक्ने ।
- कुनै वडामा एक भन्दा बढी मेलमिलाप केन्द्र भएमा विवादका पक्षहरुले रोजेका वा सो विषयमा पक्षहरुवीच समति नभएमा सो समाधानका लागि वडाको कुनै मेलमिलाप केन्द्रमा पठाउने ।
- समितिले विवादको कारवाही गर्दा निवेदन दर्ता, जांचबुझ र कारवाही, म्याद तामेली, झगडिया उपस्थित गराउने र मिलापत्र गराउने, विवाद किनारा गर्नु पर्ने अवधि, लगत कट्टा र निरुपण गर्ने सम्बन्धी अन्य कार्यविधि स्थानीय कानून बमोजिम हुने ।

## ८.७. लिखित जानकारी दिनु पर्ने

- न्यायिक समितिबाट विवादको अन्तिम निर्णय भएको मितिले ३५ दिन भित्र सम्बन्धित पक्षलाई निर्णयको प्रमाणित प्रतिलिपि उपलब्ध गराउन पर्ने ।

## ८.८ पुनरावेदन गर्न सक्ने

- न्यायिक समितिबाट भएको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णयको जानकारी पाएको मितिले ३५ दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्ने छ । - *(दफा ५१)*

## ८.९ हदम्यादको व्यवस्था

- प्रचलित कानूनमा मुद्दा हेर्ने निकाय समक्ष निवेदन दिने कुनै हदम्याद तोकिएकोमा सोही म्यादभित्र निवेदन दिनु पर्ने,
- कुनै हदम्याद तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा त्यस्तो कार्य भए गरेको मितिले ३५ दिनभित्र समिति समक्ष निवेदन दिनु पर्ने,

## ८.१० निवेदन

- भन्नाले उजुरी र फिराद समेतलाई जनाउंछ ।

Empowered lives.
Resilient nations.

संस्थागत सुधार मार्फत्
न्यायमा पहुँच अभिवृद्धि परियोजना

Legal Aid & Consultancy Centre